# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

आश्विन पूर्णिमा



धम्मवती गुरुमाँ र भाईराजा तुलाधरबाट रनिङ्गशिल्ड पुरस्कार प्रदान गर्नु हुँदै




विजयी सहभागीहरूका साथ फाइनल प्रतियोगिताका अन्य सहभागीहरू

वर्ष– २०    अङ्क– ६    वार्षिक रु. ६०/–  मूल्य रु. ५/–

# दोश्रो विश्व बौद्ध शिखर सम्मेलन

आगामी मंसिर १४, १५ र १६ गते नेपालमा दोश्रो विश्व बौद्ध शिखर सम्मेलन संचालन हुन गइरहेको छ। चार वर्ष अघि पनि यसरी नै विश्व बौद्ध शिखर सम्मेलन नै हुने कुराको चर्चा भएको थियो। तर त्यसताका शिखर सम्मेलन हुन सकेन। केवल विश्व बौद्ध सम्मेलन मात्र सम्पन्न भएको थियो। जे होस्, श्री ५ को सरकारको प्रायोजनामा लुम्बिनी क्षेत्रमा विश्व बौद्ध सम्मेलनको आयोजना हुन सक्नु नै खुशीको कुरा हो। श्री ५ को सरकारको तर्फबाट लुम्बिनीमा यस प्रकारको बृहत सम्मेलन सम्पन्न हुनुबाट कुनै ठोस उपलब्धी नहुने त कुरै उठ्दैन।

सम्मेलनको कारणले लुम्बिनी विकासका गुरु योजना पूरा गर्ने कार्यमा श्री ५ को सरकारको योगदान कतिसम्म रहेको छ कति कार्यक्रमहरू कार्यान्वयन भइसके र कति बाँकी छन् आदि विषयमा अन्तर्राष्ट्रिय जगतले चासो लिने मौका पाएको छ।

नेपाल हिन्दू राष्ट्र घोषित भएको कारणले यहाँ बुद्ध शिक्षा प्रचार कार्यमा उपेक्षित भाव रहेको छ भन्ने जनमानसको भ्रमलाई यस सम्मेलनले केही हदसम्म भएपनि हटाइदिने भएको छ।

यस सम्मेलनले नेपाल र लुम्बिनीको प्रतिष्ठालाई बढाउन सहयोग गर्ने देखिन्छ। त्यसैले यस सम्मेलनले बौद्ध जगतको विश्वासलाई बढाउने अनुमान गर्न सकिन्छ।

अर्को महत्वपूर्ण उपलब्धी त लुम्बिनी विकासको अधूरा कार्यहरू आगामी विश्व बौद्ध शिखर सम्मेलन सम्ममा अवश्य पनि पूरा हुनेछ भन्ने आशा गर्न सकिन्छ। अरु नभए पनि महामायादेवीको मन्दिर र नहरको निर्माण कार्य त अवश्य पनि पूरा हुने आशा छ। नहर निर्माण कार्य पूरा हुन सकेमा यस नहरमा नौका विहार गर्नको लागि थुप्रै पर्यटकहरूको आगमन हुनेछ। अनि त यसको माध्यमबाट पनि राष्ट्रिय आय आर्जन हुने आशा गर्न सकिन्छ।

त्यति मात्र होइन मन्दिर र चैत्य आदि दर्शनार्थ यातायात सुविधाहरूको पनि विकास हुनेछ। यस क्षेत्रमा श्री ५ को सरकारको ध्यान अवश्य पनि पुग्नेछ। किनभने करोडौं रूपैयाँ खर्च गरी मनाइएको सम्मेलनबाट केही ठोस उपलब्धि त हुनै पर्‍यो नि।

गत दुइवटै सम्मेलनमा पारित भएका प्रस्तावहरू सबै पूर्णरुपले कार्यान्वयन भएको कुरा त सुन्न पाएका छैनौं। तैपनि आगामी मंसीरमा हुने विश्व बौद्ध शिखर सम्मेलनमा पारित हुने प्रस्तावहरू केही प्रतिशत मात्र भएपनि कार्यान्वयन हुन सके पनि श्री ५ को सरकार धन्यवादको पात्र बन्न सकिनेछ। कार्यक्रम कार्यान्वयन हुन अगाडि नै विश्व बौद्ध शिखर सम्मेलन जस्तो पवित्र कार्यक्रम संचालन गर्ने चेतना जागेको कारणले नै श्री ५ को सरकार धन्यवादको पात्र भइसकेको छ।

## विषय सूचि


| | | | |
|---|---|---|---|
| १) | बुद्ध बचन | - | १ |
| २) | धम्मपद | रीना तुलाधर | २ |
| ३) | द्वेष चित्तमा अभिधर्मको प्रभाव | अनोजा | ३ |
| ४) | विश्व प्रशिद्ध बौद्ध विद्यालय | हिरण्ड राज बज्राचार्य | ४ |
| ५) | सुख दुख, सुझाव | एस. के. श्रेष्ठ, सुमित्रा मानन्धर | ५ |
| ६) | छलफल | मेघदूत | ६ |
| ७) | एउटा बौद्ध द्विपमा | श्रामणेर ञाणिन्द | ७ |
| ८) | वुलन्द आवाज त्यो शान्तिको | श्रामणेर उत्तम | ८ |
| ९) | बौद्ध धर्म दर्शन..... | रामेश्वर श्रेष्ठ "जलन" | ९ |
| १०) | म एका नारी हुँ | लक्ष्मी हेरा तुलाधर | ११ |
| ११) | हिंसा कर्मया विपाक | किशोर धुसः (दीर्घमान) | १२ |
| १२) | धर्ककीर्ति विहार-गतिविधि | - | १३ |
| १३) | धर्मकीर्ति हस्तकला प्रर्दशनी... | सुश्री तारा डंगोल | १५ |
| १४) | धर्म प्रचार-समाचार | - | १९ |
| १५) | अन्तर्वाता | - | २२ |

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**SEPT. 2002**

| वर्ष- २० | अङ्क- ६ | यैंया पुन्ही | आश्विन २०५९ |
|---|---|---|---|





★ खराब काम नगर्नु नै बेश, खराब काम गर्दा पछुतो हुन्छ । राम्रो काम गर्नु नै बेस, जुन काम गर्नाले पछि पश्चाताप हुँदैन ।

★★★

★ लाज मान्न नहुने ठाउँमा लाज मान्दछ, लाज मान्नु पर्ने ठाउँमा लाज नमानी मिथ्यादृष्टि ग्रहण गर्ने व्यक्तिको गति राम्रो हुँदैन ।

★★★

★ दोषलाई दोष र निर्दोषलाई निर्दोष नै देखेर सम्यकदृष्टि ग्रहण गर्ने व्यक्तिलाई स्वर्गीय सुख प्राप्त हुन्छ ।

# धम्मपद-१५२

रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

**न कहापण वस्सेन-तित्ति कामेसु जायति**
**अप्पसादा दुखा कामा-इति विञ्ञाय पण्डितो**

**अपि दिब्बेसु कामेसु - रतिं सो नाधिगच्छति ।**
**तण्हंक्खयरतो होति - सम्मासम्बुद्ध सावको**

अर्थ- द्रब्यादि धन रत्नको वर्षा नै भएपनि मनुष्यको कामना तृप्त हुँदैन । अप्रसन्न हुन र दुःखी हुनलाई नै काम सेवन गर्नु हो भन्ने तथ्य पण्डित विद्वानजनले जानी राखेको हुन्छ ।

पण्डित जनले दिब्य काम सुख नै भएपनि त्यसमा राग गर्दैन । सम्यक सम्बुद्धको श्रावक शिष्यहरूले तृष्णा क्षय गर्नुमा नै मन लगाएर बसेको हुन्छ ।

घटना-गौतम बुद्ध जेतवन विहारमा बस्नु भएको बेला भिक्षु जीवनदेखि उदास भएर बसेका एक भिक्षुको कारणमा उपरोक्त गाथाहरू भन्नु भएको थियो ।

एक युवक भिक्षु बुद्ध शासनमा प्रव्रजित भएपछि आफ्ना उपाध्यायले सिकाएको शिक्षा लिई बताइएको स्थानमा गएर धर्म अभ्यास गर्न हिंडे । त्यसको केही समय पछि नै त्यस युवक भिक्षुका पिता बिरामी पऱ्यो । बिरामी पिताले आफ्ना छोरालाई हेर्ने ठूलो इच्छा गऱ्यो । तर टाढाको अन्य ठाउँमा बसेको हुनाले भेट्न सकेन । मृत्युको समय आएपछि पिताचाहिँले अर्को कान्छो छोरालाई एक सय कार्षापण (पैसा) दिएर भन्यो -"यो एक सय रुपैया लिएर तिम्रा दाज्यू भिक्षुलाई पात्र र चीवर किनी देउ ।" यसो भन्दै तिनको मृत्यु भयो ।

केही समयपछि त्यस भिक्षु एक दिन आफ्नो घरमा गए । त्यहाँ भाईचाहिँले दाज्यूको अगाडि विलाप गर्दै कसरी आफ्ना पिता छोराको माया लिई मरे भन्ने वृतान्त सुनाए र पिताले दिएको एक सय कार्षापण दाज्यू भिक्षुलाई दिए । भिक्षुले 'त्यो पैसा मलाई काम छैन' भनी पैसा नलिईकन फर्के ।

तर केही समयपछि त्यस युवक भिक्षुको मनमा लाग्न थाल्यो -"घर-घरमा गई भिक्षा मागी मागी खाएर के जीवन बिताउनु । मेरा पिताले दिएर गएको एक सय कार्षापण चलाएर जीविका गर्न सक्छु । भिक्षु भाव त्यागेर गृहस्थी जीवनमा फर्कनु पऱ्यो ।"

यस प्रकार भिक्षु जीवनदेखि सन्तुष्ट नभएर ती युवक भिक्षुले धर्म अध्ययन, ध्यान भावना इत्यादि गर्न पनि छाडे । सँधै मन उदास रहने भएकोले उनी बिरामी जस्तो देखा पर्न थाल्यो । उनको यस्तो दशा देखेका श्रामणेरहरूले 'तिमीलाई के भयो' भनी सोधे । उनले आफू भिक्षु जीवनदेखि खुशि नभएको र गृहस्थी जीवनमा फर्कन मन लागेको कुरा बताए । अनि श्रामणेरहरूले उसलाई लिएर भगवान बुद्धकहाँ लगे र उसको सबै कुरा बताए ।

बुद्धले सोध्नुभयो -"के साँच्चै हो तिमी भिक्षु जीवनदेखि खुशि छैनौं ।" उनले 'हो' भनेर जवाफ दिए पछि बुद्धले त्यसको कारण सोध्नु भयो । त्यस युवक भिक्षुले आफ्ना पिताले दिएको एक सय कार्षापण चलाएर कुनै व्यवसाय गरेर जीविका गर्न मन लागेको कुरो बताए । अनि बुद्धले 'उसो भए एक सय वटा सानो सानो ढुंगा खोजेर ल्याउ' भनेर काम अह्राउनु भयो । भिक्षुले एक सय वटा सानो सानो ढुंगा खोजेर ल्याएपछि तिनलाई भन्नुभयो-"ल, अब ५० वटा ढुंगा खानपिनको लागि, २४ वटा दुइवटा बयल किन्नको लागि, त्यतिकै बिउको लागि, हलो, गाडा इत्यादिको लागि छुत्याउनु ।" यसरी भाग लगाउँदै जाँदा उसको एक सय कार्षापण त पत्तै भएन । अनि बुद्धले भन्नु भयो-यति थोरै पैसाले कसरी तिमीले आफ्ना अनेकौं इच्छा पुरा गर्न सक्छौ ?

आकाशबाट असर्फिको वर्षा नै भएपनि मान्छेको तृष्णा मेटिंदैन । यति भनेर उपदेश दिंदै भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नु भयो ।

# द्वेष चित्तमा अभिधर्मको प्रभाव

✍ *अनोजा*

बुद्धगयामा सिद्धार्थ कुमारले कठोर परिश्रम गरेर बुद्धत्त्व लाभ गर्नुभयो । बुद्धत्त्व प्राप्त गर्नु भएको चतुर्थ हप्तामा अभिधर्म ज्ञान लाभ गर्नु भयो । अभिधर्मको अर्थ विशेष रूपले मनको स्वभाव धर्मलाई बुझाइएको ज्ञानको संग्रह भन्ने बुझाउँदछ । मन (चित्त), चेतसिक, रूप र निर्वाणको स्वभाव विषयमा विशेष रूपले व्याख्या गरिएको अभिधर्मलाई परमार्थ धर्म पनि भनिन्छ ।

अभिधर्म अनुसार चित्त १२१ वटा छन् । ती मध्ये अकुशल चित्त १२ प्रकारका छन् । यिनीहरू मध्ये द्वेष चित्त २ प्रकारका छन् । ती यसरी छन्-

१. दोमनस्स सहगत  पटिघ सम्पयुत्त असंखारिक
२. दोमनस्स सहगत  पटिघ सम्पयुत्त ससंखारिक

१. आफ्नै मनले हौसला प्राप्त गरी आफ्नो स्वार्थ पूर्ति गर्नका लागि अरूलाई कुभलो चिताउँदै कार्य गर्नुलाई दोमनस्स सहगत पटिघ सम्पयुत्त असंखारिक चित्त भनिन्छ ।

२. अरुको प्रेरणाले आफ्नो स्वार्थ पूर्ति गर्ने कार्य तर्फ अग्रसर हुँदै अरुको कुभलो चिताई काम र कुरा गर्नुलाई दोमनस्स सहगत पटिघ सम्पयुत्त ससंखारिक चित्त भनिन्छ ।

इर्ष्या, क्रोध, जलन, हिंसा, आदि खराब चित्तमलहरूको मूल नै द्वेष भाव हो । द्वेष भावले प्रेरित भएको व्यक्तिले अरूलाई हिंसा, कुटपिट र घाट गर्न पुग्दछ । अरुसंग रिसाउँदा र खराब चिताउँदा पहिला आफ्नो मनमा क्रोध र ईर्ष्याले ठाउँ लिई मनमा अशान्ति हुन थाल्छ । यी द्वेष भावनाहरू पाँचवटा इन्द्रियद्वारहरूबाट उत्पन्न हुन्छन् । आफूलाई मन नपर्ने दृष्यहरू हेर्नुपर्दा, दुर्गन्धहरू सुँघ्नु पर्दा, नमिठो खाना खानुपर्दा, आफूलाई मन नपर्ने कुराहरू सुन्नुपर्दा, आफूलाई मन नपर्ने चीज वस्तुहरू स्पर्श गर्नु पर्दा वा दुःखद वेदनाहरूको स्पर्श हुँदा त्यसबाट हामी सधैं टाढा रहन खोज्छौं, रिसाउँछौं र छटपटाउने गर्छौं । यसरी घृणाभाव उत्पन्न हुनु नै द्वेषको चिन्ह हो ।

बुद्ध शिक्षा अनुसार जसले खराब चिताउँदछ त्यस व्यक्तिले आफ्नो खराब चित्तको नतिजा पहिला उ आफैले भोग्नुपर्ने हुन्छ । किनभने जसले द्वेष, इर्ष्या, क्रोध र हिंसा जस्ता खराब चित्त उत्पन्न गर्छ, उसको रगत त्यही क्षण कालो भई अनुहार नै डरलाग्दो देखिने हुन्छ । आफ्नो शत्रुलाई घात गर्ने चित्त उत्पन्न गर्ने वित्तिकै त्यस अशान्तले भरेको योजनाले पहिला उसको मनको शान्ति भङ्ग गर्छ र निन्द्रा हराउँछ । यसरी अरुको अहित चिताउने क्रोधी स्त्री वा पुरुषले पहिला आफ्नो अहितलाई निम्त्याउने गर्छ ।

त्यसैले हामीले थाहा पाउनु पर्ने कुराहरू मध्ये आजभोलीको अशान्तपूर्ण वातावरणको खास कारण मानिसहरू एक आपसले संचित गरेका स्वार्थयुक्त मनोवृत्ति र कुभावनाहरू हुन् । यी प्रमुख कारणहरूलाई पत्ता लगाई यसलाई हटाउने प्रयास गर्नु अत्यावश्यक रहेको छ । किनभने द्वेष भावनाको कारणले नै एक आपसमा झैझगडा र मारकाट भइरहेका छन् । एकले अर्काको हातबाट प्राण त्याग गरिरहेका छन् । त्यसैले हामीले आफ्नो चित्तमा द्वेष उत्पन्न हुने वित्तिकै सजग भई त्यसलाई हटाउन सक्नु परेको छ । यही बुद्ध शिक्षा हो । ●

*धर्मकीर्ति पत्रिकाया विशेष सदस्य*

क्र.सं. ३८१
**कृष्ण देवी महर्जन**
कालधारा, काठमाडौं
रू. १००५।-

क्र.सं. ३८२
**श्री दिल बहादुर गुरूङ्ग**
धादिङ्ग जिल्ला, निलकण्ठ गा.वि.स.
सितल बजार, वडा नं. ५
रू. १००५।-

क्र.सं. ३८३
**श्री सांहीला मान तुलाधर**
असन, काठमाडौं ।
रु. १००५।-

# विश्व प्रसिद्ध बौद्ध विश्वविद्यालय नालन्दा
# एक परिचय

ले. हिरण्य राज वज्राचार्य
ल.पु.भिंछे वाहाल ।

२०५६ सालमा बौद्ध तिर्थ यात्रा गर्ने सौभाग्य मैले पनि प्राप्त गरेको थिएँ । उक्त बौद्ध तिर्थयात्राको सिलसिलामा विहारको राजगीर स्थित नालन्दा बौद्ध विश्वविद्यालयको भग्नावशेषहरू र यथावत स्थितिमा रहेका मूर्ति मन्दिरको साथै बाँकी बचेका भवनहरू समेत हेर्न देख्न पाएको र उक्त यात्रामा किनी ल्याएको नालन्दा सम्वन्धीको वास्तविक फोटोहरूको पोष्टकार्ड पुस्तिका एक समेत किनी ल्याएको थिएँ सोही प्रोत्साहनको फल स्वरूप मैले यो विश्व प्रसिद्ध बौद्ध विश्वविद्यालय नालन्दाको संक्षेप परिचय लेख्ने जमर्को गरेको छु र यसबाट पाठक वर्गहरूलाई अवश्य लाभदायक र बौद्ध धर्म सम्वन्धी उक्त समयमा कतिको चरम विकास भएको रहेछ र बौद्ध धर्मावलम्बीहरू र बौद्ध विद्वानहरूमा त्यस प्रति कत्तिको आस्था रहेछ भन्ने यथार्थ कुराहरू निम्न नालन्दा बौद्ध विश्वविद्यालयको संक्षेप विवरणहरूबाट स्पष्ट नै हुनेछ ।

नालन्दा बौद्ध विश्वविद्यालय भारतको विहार राज्य राजगीरको उत्तरबाट झण्डै सात माईल फैलिएको विशाल विश्वप्रसिद्ध बौद्ध विश्वविद्यालय हो । विशेष गरी यस विश्व प्रसिद्ध नालन्दा बौद्ध विश्वविद्यालयमा माध्यमिक दर्शनमा आधारित बौद्ध विषयहरूको अध्ययन र अध्यापन हुन्थ्यो र यो पाँचौ शताब्दीदेखि बाह्रौं शताब्दीसम्म यसको निकै प्रगति भएको देखिन्छ । यसको स्थापना (T. 414-455) शाक्रादित्य भन्ने गुप्त वंशको राजा कुमार गुप्तले पाँचौं शताब्दीमा गरिएका थिए । क्रमश: गुप्त वंशको पालामा यसको Extension (आकार प्रकारको विस्तार) हुने कामहरू बेला बखतमा निरन्तर रूपमा हुने गरेको थियो । यस नालन्दा बौद्ध विश्वविद्यालयमा ख्याति प्राप्त विद्वानहरू र भिक्षुहरू समेत अध्ययन र अध्यापनमा आउने गर्दथे ।

चीनका प्रख्यात पुरोहितहरू हुयानशांग र आई चिङ्ग समेत उक्त नालन्दा विश्वविद्यालयमा बढी बुद्ध धर्म दर्शनको ज्ञान प्राप्त गर्न सातौं शताब्दीमा अध्ययनमा गएको कुरा उनीहरूले विश्वप्रसिद्ध नालन्दा विश्वविद्यालयको निर्माण र प्रगति बारे निकै प्रशंसा गर ी लेखेको कुराहरूबाट उक्त नालन्दा बौद्ध विश्वविद्यालयको वास्तविक निर्माण र प्रगति सम्वन्धमा झलक पाउन सकिन्छ । किनकि हुयानशांगको Memorial Nalanda देख्नेले नै अनुमान गर्न सकिने र अझ यसको हालसम्म मुख्य बांकी बचेका भग्नावशेष र यथास्थितिमा रहेका भवनहरू र मूर्ति मन्दिरहरू संलग्न पोष्टकार्ड चित्रहरूबाट स्पष्ट हुनेछ ।

यस नालन्दा बौद्ध विश्वविद्यालय महायानका प्रखर ज्ञाता शर्मपाल र शीलभद्रहरू समेत गई बौद्ध धर्म दर्शन अध्ययन गरी यथेष्ट ज्ञान आर्जन गरेका थिए ।

यस विश्व प्रसिद्ध नालन्दा विश्वविद्यालयका संरक्षक मगध देशका राजा शाक्रादित्य, कनौडा । ६०६-६४७ ए.डी.) का हर्षवर्धन आदिहरूले यो विश्व प्रसिद्ध नालन्दा विश्वविद्यालयको दिगो (स्थायित्व) रहोस् भने उद्देश्यले शय गाउँको आम्दानी उठाई उक्त रकमबाट उक्त नालन्दा बौद्ध विश्वविद्यालय संचालन गर्ने सुव्यवस्थित ढंगले सुसंगठित व्यवस्था मिलाइएको थियो । यो विश्वविद्यालय बौद्ध माध्यमिक महायान बौद्ध दर्शन अध्ययन अध्यापनको संवृद्धि अटल र विस्तृत रहोस् भन्ने उद्देश्य लिई एउटा विशाल पुस्तकालय (Library) को व्यवस्था समेत गर्न विभिन्न बौद्ध देशहरूबाट यथाशक्य बढी बौद्ध ग्रन्थहरू जुटाएका थिए । दिग्नाग जस्ता प्रख्यात प्रशिक्षक पनि यही विश्वविद्यालयका थिए र यो विश्व प्रसिद्ध नालन्दा बौद्ध विश्वविद्यालय हेर्न देख्न विभिन्न देशहरूबाट यात्रुहरू समेत आउने गरेकाले पनि यसको प्रसिद्धता झनझन बढेको हो । हुयानशांग र आई चिङ्ग यस नालन्दा बौद्ध विश्वविद्यालयमा अध्ययन पूरा गरी चीन फर्केपछि चीन र तिब्बतमा पनि यस बौद्ध धर्म दर्शनको चीन र तिब्बतमा विकास र प्रगति भएको देखिन्छ । यति

मात्र होइन अझ क्राइष्ट Crist ले समेत उक्त नालन्दा बौद्ध विश्वविद्यालयमा बौद्ध धर्म दर्शन अध्ययन गरी अष्टांगिक मार्ग, चतुर ब्रह्मविहार आदिको आधारमा Jen Commandments क्राइष्टको दश सूत्रहरू क्राइष्ट Crist ले विकास गरेको भन्ने बुझिन्छ ।

दुर्भाग्यको कुरा हो जन्म पछि मृत्यु अवश्यंभावी छ भन्ने प्राकृतिक नियम भए झैं मुस्लिम आक्रामकहरूले बौद्ध धर्मको प्रचार प्रसार देख्न नसकी महिनौं सम्म आगो बल्ने गरी आगो लगाई विश्व प्रसिद्ध नालन्दा विश्वविद्यालयलाई ध्वस्त पारेका थिए ।

तत् पश्चात् त्यस विश्वविद्यालय प्रख्यात बौद्ध विद्वानहरू जस्तो धर्मपाल, शीलभद्र, पद्मसंभव आदिहरू नेपाल उपत्यकामा बसी नेपालमा र तिब्बतमा गई तिब्बतमा महायान र मन्त्रयान आदि बुद्ध धर्म दर्शनको प्रचार प्रसार र संरक्षण गरेको बौद्ध इतिहासबाट स्पष्ट हुन्छ ।

यसरी यस विश्व प्रसिद्ध नालन्दा विश्वविद्यालयको खास अस्तित्व बाह्रौं शताब्दी सम्म मात्र कायम रहेको देखिन्छ भने आठौं शताब्दी देखि बाह्रौं शताब्दी सम्म पालराज्यहरूको समयमा यस्ले यसको यथेष्ट समृद्धि बढाएको थियो र यसको यशकीर्ति बौद्ध जगतमा निकै फैलिएको थियो । यसको पतन पछि यस विश्वविद्यालयका प्रख्यात विद्वानहरू जस्तो भद्रपाल, शीलभद्र, पद्मसंभव, दिग्नाग आदि विद्वानहरूको सम्झना बुद्ध भगवानको साथै यिनीहरूको समेत बौद्ध जगतले अद्यापि संस्मरण गरीराखेको छ र पछिसम्म यस्तै संस्मरण यिनीहरू सबैको रहिरहने छ । आदि

जय बुद्ध जय धर्म जय संघ

द्रष्टव्य:

यस विश्वविद्यालयको वातावरण अत्यन्त विशुद्ध थियो रे कारण प्रशस्त रूख, बिरुवा, लहरा र बगैचाँहरूको व्यवस्थाको साथै यत्रतत्र यथेष्ट रूपमा पोखरी, इनार, पाटी पौवाहरू सबैको समुचित विकास गरी विश्वसामु एक अद्वितीय नमूनाको रूपमा समेत विकास गरेको थियो भन्ने बौद्ध इतिहासबाट ज्ञात हुन्छ । आदि

—●—

## सुख दुःख

एस.के.श्रेष्ठ

खोली हेर दृष्टि अन्धो,
कहाँ छ बाटो गन्तब्य ?
अन्ध भक्त बाल दीयो,
अनि देख्छ आदि अन्त्य ।

गयो शरीर ढल्यो जीव,
कर्म छाम अनि जीवन ।
भर जन्म आफ्नो नाम,
कमायो जप, तप, ध्यान ।

छोडी काम जपी नाम,
पाईन्न कुनै ठाम ।
गरि हिंड्ने सच्चा काम,
पुगिन्छ चार धाम ।

दुःख गर्नु सुख हुन्छ,
भोग्नु पर्छ सुख दुःख ।
सुख-दुःख पाई हिंड्छ,
दुःख सुख वीय सुख ।

## "सुझाउ"

यो संसारमा कसैले कसैको लागी
दोष गरेको छैन ।
आफुले आफ्नै लागी दोषी
बनाइरहेछ ।
त्यसैले आफु नै दोषी सम्झी
यो संघर्षशील संसारमा
जिवानान्तर बाँचौं ।

**(बेबी) सुमित्रा मानन्धर**
पकनाजोल, काठमाडौं ।

आयोजक - लौ त समयमा नै हाम्रो कार्यक्रम शुरु गरौं । के छ त तपाईंहरूको जिज्ञासा आजको लागि भन्नुहोस् ।
एकजना पुराना सहभागी-

मेरो विचारमा आज 'दान' विषयमा छलफल गरौं कि जस्तो लागिरहेको छ ।

अरूले पनि प्रस्तुत प्रस्तावलाई समर्थन गरे । राम्रो प्रस्ताव ल्याएको हुनाले हर्ष प्रकट गर्दै आयोजकले भन्यो-

"दान" हामीले जानिराख्नु पर्ने नै विषय हो । अध्ययन गर्ने मात्र विषय नभई यो अभ्यास नै गर्नु पर्ने विषय हो । मानिसहरूलाई लोभ लालच र द्वेष भावले मात्र शोषण गरिरहेको देखिन्छ । धेरैजसो मानिसहरूमा मेरो मेरो भन्ने सत्काय दृष्टि भावना बलियो गरी जमेको हुन्छ । अरुको उपकार होस् भन्ने विचारले दान दिंदा मानिसको मनमा बाक्लोसंग जमेको लोभ लालच पातलिंदै जाँदो रहेछ । दान पाउने व्यक्तिलाई भन्दा पनि दान दिने व्यक्तिलाई फाइदा हुने कुरो त यही नै हो । लोभ लालच नै झैझगडा र अशान्तिको मूल कारण हो । दान दिंदा पाउने व्यक्तिलाई त लाभ हुने नै भयो । तर दान लिने व्यक्तिमा भने लोभ जागेर आउने गर्छ ।

दान मुख्यतया दुई थरीका छन् (क) पूजा दान (ख) अनुकम्पा दान ।

शील आचरण आदि गुण धर्मले युक्त भिक्षु संघ वा अन्य धार्मिक व्यक्तिहरूलाई श्रद्धा र आस्थापूर्वक, गौरवपूर्वक केही चीज बस्तु परित्याग गर्नुलाई नै पूजा दान भनिन्छ ।

कुनै पनि गुण धर्म नभएको तर गरीब दुःखी र मगन्तेहरूलाई उपकार होस् भन्ने हेतुले केही खानेकुरा र चीज बस्तु त्याग गर्ने कार्यलाई अनुकम्पा दान भनिन्छ ।

उपर्युक्त दान मध्ये धार्मिक दृष्टिले पूजा दानलाई बढि प्राथमिकता दिइएको देखिन्छ । भिक्षु संघले समाज सुधार र व्यक्तिको चरित्र सुधार हुने उपदेश र शिक्षा प्रदान गरी स्वयं आफूहरूको शीलाचरण शुद्ध र पवित्र बनाई उपकार र सहयोग गर्नु भएको छ भनी उहाँहरूको गुण स्मरण गर्दै केही चीजवस्तु रुपैयाँ पैसा दान दिनुलाई नै पूजा दान भनिन्छ । भिक्षु संघलाई दान गर्नु भन्नुको अर्थ नै बुद्ध शासनलाई टेवा दिनु हो । किनभने भिक्षु भिक्षुणी संघ दाताहरूको दानको आधारमा बाँचेको हुन्छ । तर दाताहरूको दानको आधारमा जीविकोपार्जन गर्ने व्यक्तिहरूले यदि आफ्नो कर्त्तव्य पालन गर्न सकिएन भने दानबाट प्राप्त बस्तुहरू उपभोग गर्दा पचाउन सक्ने छैन भनी स्वयं गौतम बुद्धले भिक्षुहरूलाई सचेत गर्नुभएको थियो । हुनत बोधिसत्त्व चरित्र अनुसार यदि दान लिने व्यक्ति चरित्रहीन भएर पनि दान दिने दाताले श्रद्धापूर्वक दान दिएमा उक्त दानकार्यबाट पुण्य प्राप्त हुनेछ भनेर बौद्ध ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ ।

तर सामाजिक कर्त्तव्य पालन हुनु नै अनुकम्पा दान हो । हाम्रो समाजमा विभिन्न कारणहरूले गर्दा गरीब व्यक्तिहरू गरीब नै भएर रहेका छन् । तिनीहरूलाई आवश्यक सहयोग र आधार दिनु नै सामाजिक कर्त्तव्य र धर्म हो । हाम्रो समाजमा सर्वत्र गरीबहरू छरिएर रहेका छन् । जुनसुकै तरीकाबाट पनि उनीहरूलाई उद्धार गर्ने कार्य गर्नु नै अनुकम्पा दान हुन जान्छ । त्यसैले आफूमात्र खाने र आफूमात्र लाउने मनसाय राख्ने बानी राम्रो होइन । अशरण र अनाथहरूको जीविका चलाउन खाने, पिउने, लत्ता कपडा र बासस्थान अनि रोगीहरूलाई आफ्नो शक्ति अनुसार औषधी गरी सेवा प्रदान गर्नु पनि अनुकम्पा दान नै हो । यथाशक्ति उपकार गर्नु पनि सामाजिक कर्त्तव्य नै हो ।

हामीले धन, ज्ञान र श्रम आदि अनेक माध्यमबाट उपकार गर्न सक्छौं । अस्पताल, अनाथालय र बाल आश्रम आदिमा फलफुल, औषधी आदि वितरण गरी सभा समारोहमा पानी पिलाएर, जलपान गराएर, झ्याल बाहिर बत्ती राखेर, सभ्य भई सफाईमा ध्यान दिएर पनि हामीले सामाजिक कर्त्तव्य वा उपकार गर्न सक्छौं । यसरी नै अनपढ अशिक्षित व्यक्तिहरूलाई आफूले जानेका शिक्षा पढाउने सिकाउने र प्रेरणा रूपी उपदेशहरू दिने र दिलाउने पनि एक प्रकारको दान नै हो ।

अन्य ३ किसिमका दानहरू यसरी रहेका छन्-

(१) आमिस दान - खाद्य पदार्थ आदि भौतिक दान ।

(२) अभय दान - भय र मृत्युबाट मुक्त गराइदिने रक्त दान आदि ।

(३) धर्मदान- धर्म उपदेश दिने, दिन लगाउने, धार्मिक पुस्तक प्रकाशन गर्ने आदि ।

बुद्धले भन्नुभएको छ, दिनसके मित्रहरू पाउँछन् । दिनसके मानिसलाई आफ्नो वसमा राख्न सकिनेछ । आफ्नो समर्थक बनाउन सकिनेछ ।

आफूले राखेको प्रस्तावबाट यतिका जानकारी पाउन सफल भएकोमा खुशी हुँदै सहभागीले भन्न थाल्यो-

दान विषयमा यसरी विस्तार रूपमा पहिला त सुनेकै थिएन । धार्मिक स्थलमा मात्र होइन सामाजिक क्षेत्रमा पनि दानको प्रयोग हुन सके धेरै शान्ति मिल्दो रहेछ । जेहोस् रमाइलो र सन्तुष्टी मिल्यो आज ।

सबै सहभागीहरू सन्तुष्ट भई बिदा लिएर घर फर्के ।

# एउटा बौद्ध द्विपमा

श्रामणेर ञाणिन्द *श्रीलंका*

विश्वमा थेरवाद बौद्ध धर्म भएको सबैभन्दा सानो द्विप श्रीलंका हो । यसलाई हाम्रो देशमा आज पनि रावणको देश भनी चिनिन्छन् । त्यो देश विभिन्न कारणले विश्व बौद्ध धर्मावलम्बि बीचमा प्रख्यात छ ।

थेरवाद बौद्ध दर्शनको शिक्षा दिनेमा यो राष्ट्र प्रसिद्ध छ । दुई हजार पाँचसय (२५००) वर्ष देखी सुरक्षित भएको गौतम बुद्धको "दन्तधातु" साथै तथागतले बुद्धत्व प्राप्त गर्नुभएको बोधिवृक्ष विश्व बौद्ध धर्मावलम्बिहरू बीचमा प्रसिद्ध छन् । यहाँ सिंहल जातिका मानिसहरू बौद्धहरू हुन् ।

आज यो राष्ट्र शान्ति राष्ट्र भनी चिनिन्दैन । यहाँ २० वर्ष देखी गुरिल्ला लडाईंबाट मानिसहरू संकटमा परिराखेका थिए । यो एउटा यहाँको पुरानो इतिहास जस्तै भएको थियो । यहाँ कुनै पनि शिक्षाको कमी देखिन्दैन । थेरवादी बौद्ध धर्मको शिक्षा प्रमुख छन् । हरेक आईतबार देशभरि नै बौद्ध धर्मको शिक्षा दिने गरिन्छ । भिक्षुहरूका लागि पिरीवैन (बौद्ध विद्यालय) Monastic Education Institute मा बौद्ध धर्मको विशेष शिक्षा दिईन्छन् ।

यहाँ कुनै पनि विषयको लागि नि:शुल्क छ । त्यसैले वर्षे पिच्छे बौद्ध शिक्षाको लागि बाहिर देशहरूका भिक्षु-भिक्षुणीहरू भित्रिन्छन् । जस्तै : अमेरिका, अष्ट्रेलिया, कम्बोडिया, चीन, जापान, नेपाल, बर्मा, बंगलादेश, भारत, मलेसिया, ईटाली, थाईल्याण्ड र इण्डोनेसिया आदी राष्ट्रका साथै विशेष गरि एसिया मुलुका देशहरूबाट ।

म पनि यो बौद्ध द्विपमा शिक्षा हासिल गर्न जान पाएकोमा मेरो ठूलो भाग्य सम्झन्छु । म यहाँ गएको २००१ अप्रिल । दुई साना भन्तेका साथ । पुज्य धम्ममुर्ति भन्तेको मद्दतबाट लंकामा आउन पाएँ । वहाँले हामीलाई Channai air port सम्म पुऱ्याउनु भयो । यो द्विपमा जाँदा खेरी मेरो मनमा धेरै कुरा चल्यो । 12:15 pm कोलोम्बो बिमान स्थलमा पुग्यो । मलाई Kandy भन्ने ठाउँ जान नेपाली भन्तेले लिन आउनु भएको थियो । त्यो ठाउँ पुग्न २ घण्टा लाग्यो । यहाँको हरियाली देख्दा त आफ्नो देश सम्झें । यहाँ अलि गर्मीको महसुस भयो । त्यसैले बाटोमा नरिवल पानी पिएँ । नरिवलको पानीले गर्मी घटाउँछ भन्यो । kandy ठाउँमा पुग्दा त मलाई नेपाल जस्तै लाग्यो । यहाँ गर्मी छैन । चिसो हावा चल्छ । यस प्रान्तमा पहाड र धेरै हरियाली वनजंगलहरू छन् ।

म यहाँ बसेको सात महिना भईसक्यो । यस समय धेरै कुराहरू थाहा पाएँ । यहाँको मानिसहरूलाई सिंहल भनिन्छन् । मानिसहरूको जाति धर्म अनुसार सिंहल, देमल, बर्ग, मुस्लिम चिनिन्छन् । तर सिंहल (बौद्ध) तमिल (हिन्दु) जातिका मानिसहरू मुख्य छन् । जस्तै : हाम्रो देशमा नेवारी (बौद्ध), नेपाली (हिन्दु) हुन् । यहाँ पहिला चलिराखेको झगडा नै सिंहल र तमिल बिच हुन् । यी दुबै जातिका मानिसहरू लंकामा सबैभन्दा पुराना बासिन्दा मानिन्छन् ।

श्रीलंकाका मानिसहरूले बुद्ध धर्म (बौद्ध दर्शन) भगवान बुद्धको समय देखी नै थाहा थियो । किन कि ! यहाँको "महावंस" भन्ने २५०० वर्ष पुरानो सिंहल ग्रन्थमा उल्लेख छ । जहाँ कि तथागत तीन पल्ट यो द्विपमा पाल्नु भएको कुरा आउँछ । यो पवित्र स्थलहरू - मह्यंगण, नागद्विप र श्रीपाद् हुन् ।

**मह्यंगणः** जहाँ भगवान बुद्ध प्रथम पटक पाल्नु भएको थियो । यस ठाउँमा राक्षस गोत्र जाति बिच झैंझगडा रोकी ती मानिसहरूलाई धर्मदेशना गरी दमन गर्नु भएका थिए ।

**नागद्विप** : यो स्थल चारैतिर समुद्रले घेरेको सानो द्विप हो । यहाँ शास्ताले नागगोत्र जातिका मानिसलाई धर्मदेशना गर्नु भै सुनको सिंहासनको लागि भएको झगडालाई शान्त पार्नु भएको थियो ।

**श्रीपाद** : यस स्थलमा वहाँ तथागत सुमन (देवगोत्र) को आराधनाले पाल्नु भएका थिए । यो पर्वत समुद्र सतह बाट २००० फिट उचाँई छ । यस पर्वतमा भगवान बुद्धको छाँया खुट्टाको पाइतलाको छाप लगाउनु भएकोले यस पर्वत शिखरलाई श्रीपाद नामाकरण गरिए ।

हाम्रो देशको इतिहासमा जस्तै श्रीलंकामा बौद्ध धर्मको सुरुवात अशोक राजाको छोरो धर्मदूत अर्हन्त भिक्षु महेन्द्रबाट भएको हो । (3 B.C) उहाँले तिस्स भन्ते राजालाई चुल्लहत्थि पदोपम सुत्तबाट धर्मदेशना गर्नु

भएको थियो । यो बौद्ध धर्मको प्रभावले त्यहाँको पुरानो अन्धविश्वास वृष, पर्वत, भूत-प्रेत, देव विश्वासहरू हुन्थ्यो । बौद्ध धर्म दर्शन अनुसार सबै मानिसहरूले असल जीवनको सुरुवात गर्‍यो ।

यहाँका व्यक्तिहरूले बौद्ध चिन्तन मात्र होइन । बौद्ध कला पनि धेरै विकास गरेका छन् । म आफै घुम्न गएको ठाउँहरूमा हजारौं वर्ष पुरानो स्तुप, वास्तुकलाहरू देखें । यी कलाहरू विश्व प्रख्यात छन् । दन्त धातु भएको स्थल UNESCO बाट संरक्षण गरिन्छ । मलाई त अचम्म लागेको यहाँको पहाड जत्रो स्तुपहरू देखेर । स्तुपहरू मध्येमा जेतवन स्तुप चारसय ४०० फिट अग्लो भनिन्छ । हाम्रो राष्ट्रको स्वयम्भू भन्दा पाँच गुणा ठूलो हुनु पर्दछ ।

"सिंगीरिय" यो एउटा १०० फिट अग्लो जस्तो ढिके चट्टान हो । त्यस माथि १२०० वर्ष अगाडी ठूलो दरबार या विहार थियो भन्ने विश्वास गरिन्छन् । त्यहाँ चट्टान माथि पोखरी र दरबार (भत्किएको) साथै चारैतिर रमणीय दृश्य सजिलै हेर्न सकिन्छ ।

यस्तो प्रकारको अति महत्वपूर्ण बौद्धकलाहरू यो द्विप भरिनै देखा परिन्छ । सबै विहारहरू, बोधिवृक्ष, चैत्य, बुद्ध प्रतिमा मन्दिर हुन्छ । यी पवित्र, स्थलहरू चारैतिर मसिनो बालुवा राखेर सफा गरेको हुन्छ । यहाँको कलाको सुरुवात पनि अशोक राजाको मद्दतले नै हो । त्यसैले यहाँ सिंहल कला र भारतको मौर्य कला बीचमा समान रूप देखिन्छ । सम्राट अशोक राजाका छोरी भिक्षुणी संघमित्ता संगै भारतका कला शिल्पकारहरू पनि यो द्विपमा भित्रीएका थिए । त्यसैले यहाँ बौद्ध कला साथै भिक्षुणी शासनको सुरुवात सँगै भएको थियो ।

बौद्ध स्थलहरूका धेरै जसो स्तूप, प्रतिमाहरू २००० वर्ष पुरानो भैसकेका छन् । तर ती स्थलहरूमा भ्रमण गर्न जादाँ त्यति पुरानो देखिन्दैन । किन कि यहाँ सफा तथा संरक्षण राम्रोसंग भएकोले त्यति धेरै वर्ष पुरानो भएको देखिन्दैन । मलाई सम्झना भयो कि बुद्ध जन्म भएको लुम्बिनी पवित्र स्थल किन त्यसरी संरक्षण नभएको ?........

यहाँ जति देशमा अशान्ति र खतरा भएता पनि साथै यी स्थलहरूमा पर्यटकहरूको कमी छैन । सुरक्षा र संरक्षण राम्रोसँग भइरहेको छ । यहाँ सबैभन्दा पवित्र स्थल मानिने ठाउँ क्यान्डीमा Candy पर्ने दन्तधातु मन्दिर हो । जहाँ 'दन्तधातु' स्थापना गरिएको छ । दन्तधातु उत्सव १२ वर्षको एकचोटि मात्र हुन्छ । यो उत्सव दुई हप्तासम्म मात्र प्रदर्शन गरिन्छन् । यो दुई हप्तामा यहाँ धेरै श्रद्धालु भक्तजनको घुँइचो लाग्दछन् । यहाँको एउटा ठूलो विश्वास छ कि । दन्तधातु भएसम्म यो द्विप संरक्षण हुन्छ । त्यसैले पहिलेका राजाहरू दन्तधातु सुरक्षा गर्ने आफ्नो सबैभन्दा ठूलो कर्तव्य थान्दछन् । यो लंका द्विप गर्मी देश हो । तर बाह्रै महिना पानी परिरहन्छ । वर्षको अन्तिममा चिसो हावा चल्ने गरिन्छ । क्यान्डी जस्तो ठाउँहरूमा त पुरै चिसो हावापानी छ । यहाँ जुनसुकै महिनामा पनि पानी परिने भएकोले देश भरिनै हरियाली देखिन्छन् । त्यसैले विश्वमा नै लंका राष्ट्र सौन्दर्यपूर्ण द्विप भनि चिनिन्छन् । ■

## बुलन्द आवाज त्यो शान्तिको !

भावी सन्ध्या त्यो, आजको उषाकाल बनी,
अतित र वर्तमानको क्षितिज संग संगै आज पनि ।
रूप पटार श्रृंगारी प्राकृत निकुन्जमा रम्दै,
उदय त्यो अरूणको यो, रसिलो लाल चुम्बन संगै !

लसकुस ! स्वागत ! तिमीमा यो प्रभावको,
गरी बिन्ती दुई अन्जुली यी रातको ।
आनन्द मग मग सुगन्ध समष्ट साथ साथ,
यो हृदयको ढुकढुकी मेधासंग वृहतसंगम !

चांदनीरातको त्यो चन्द्रकला कति अति सौम्य ?
मान्दैन हृदय यो छुटाउन त्यो मधु वात्सल्य ।
कता कता गुन्जिन्छ यो प्रभावपातको घण्टा,
पचुपन्न यहां अतित सरी, फरफराइरहेछ यो शान्तिको झण्डा !

प्रथमवार होइन आजपनि, उडाउँछ शान्तिका दूत,
पाताल सरी त्यो नील गगनमा शुन्यताको अवकास ।
छर्दै यहां, त्यो छायां, शान्ति नायक तथागत बुद्धको
यहां छ शितल, यहां छ शान्ति यो जन्मभूमि बुद्धको

विर्सिन्छ कहिल्यै त्यसले, यो दिवस पवित्र अति,
देखेको थियो उसले, बुद्धका ती संयोग दृष्य ती ।
लहरा यै शान्तिको, बुनेर माला रासैको,
अर्पित ती नयनका सामू, हृदय शत्र श्रद्धाको !

**श्रामणेर उत्तम**
कक्षा १०, बौद्ध शिक्षालय

# "बौद्ध धर्म दर्शन आजको अपरिहार्य आवश्यकता"

रामेश्वर श्रेष्ठ "जलन"
*क्याम्पीयन प्रतिष्ठान*

मान्छे सर्वश्रेष्ठ प्राणी हो । अरु प्राणी भन्दा मान्छे अलग्ग अस्तित्व लिएर बाँचेको हुन्छ । मान्छेको आफ्नै संसार छ । यसैले मान्छेलाई पृथ्वीधरातलको अखिल चक्रवर्ती सम्राट भन्दा केहि फरक नपर्ला । अरु प्राणी भन्दा मान्छे सर्वश्रेष्ठ र दिग्विजय हुन कसरी सम्भव भयो त ? प्रत्युत्तरमा मान्छेमा अन्य प्रणी भन्दा बुद्धी बिवेक एवं अखण्ड ज्ञान, उचित अनुचित भन्ने छुट्याउने प्रवल क्षमता र कार्य कुशलता भएकोले गर्दा हो । त्यसैले मान्छे सर्वोत्तम प्राणी हो भन्दा अतिरंजित होला जस्तो मलाई लाग्दैन । दासत्वलाई स्विकार गर्दैन । आफ्नै वनको स्वतन्त्र र स्वच्छन्दतालाई अंगिकार गर्दछ । तर स्वतन्त्रको नाममा जथाभावी गर्नु हुँदैन । मान्छे भएर जीउने क्रममा अनेक निती नियम हाम्रा अग्रजहरूले बनाएर गएका छन् । यसै अन्तर्गत कर्म, कतर्व्य, धर्म दायित्व आदी पर्दछन् । यस मध्ये सवभन्दा महत्वपूर्ण र गहकिलो बिषयवस्तु धर्म हो । किन भने धर्म भनेको जीवनको प्रकास एवं ज्योती हो । जबकि समग्र मानवलाई नै जाज्वल्यमान प्रकाश प्रदान गर्दछ । धर्म नै मानवको कर्तब्य एवं दायित्व हो यस अर्थमा कि यसले दु:खी प्रति दया जागृत, सेवा भाव र सहयोग गर्न सचेत गर्दछ । त्यसैले यो भवसागर तर्ने डुंगा हो । उदारता प्रज्ञाको मार्ग दर्शन पनि हो । किनभने धर्म भित्र जीवनको जीउने मार्ग उब्जीरहेको हुन्छ, ज्ञात बिवेक पनि लुकेको हुन्छ । यसैले धर्म भनेको मान्छे र पशु बिचको भिन्नता छुट्याउने कारक तत्व हो भनि ठहर गर्न सकिन्छ ।

बास्तवमा धर्म किन गर्नु पर्दछ र धर्मले जीवनमा कस्तो भूमिका निर्वाह गरेको हुन्छ । भन्ने जवाफमा धर्म मानव जीवनमा जन्म पश्चात् मानवको मृत्यु पर्यान्त सम्म अपरिहार्य आवश्यकता भई आइरहेको हुन्छ । धर्मले जीवनमा गहण भूमिका खेलेको हुन्छ । उदाहरणको लागी नवजात शिशुको जन्म पश्चात् रून्छ जस्ले गर्दा आमालाई दयाको भाव जागृत हुन्छ यो समयमा ममताकी खानी आमाले स्नेहले दुध पिलाउँछीन् । यो समयमा शिशुको धर्म रुनु हो भने आमाको धर्म दुध पिलाउनु हो । यसरी मानवको जीवनमा बालक अवस्था देखि नै धर्मको अभ्युदय हुन्छ । वयको (समय) चक्रमा बिभिन्न अवस्थाहरू पार गर्दै अन्तिम अवस्था आईपुग्दछ यो समयसम्म मानवले आर्जन गर्नुपर्ने धर्म आर्जन गरि सक्दछ र अन्तत्वोगत्वा मृत्यु पछि पनि उस्को आफन्तले धर्मकै आधारमा मृत्यु संस्कार र अन्त्यष्टी क्रिया सम्पन्न गर्दछ । त्यसैले मानवीय जीवनमा धर्म प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धारण भइरहेको हुन्छ । यो मावन मात्रको लागि गौरवको कुरा हो । तर आजको यस समयमा संसारका प्राय जसो मान्छेहरू आफ्नो दैनीकीमै ब्यस्त भइरहेको पाइन्छ । जसरी होस आफ्नो जीवनलाई आनन्दमय र सुखद बनाउने ध्येयमा तल्लीन छन् । आजको मान्छे बिसंगती भोग्छ र उकुस मुकुस बिश्रृंखलाबद्ध जीवन जिईरहेका छन् धर्मभन्दा पाप कर्मतिर, उदारताभन्दा अनुदारतातिर लोभ मोह संसारिक काम तर्फ झुकाव बढि राख्दछन् भन्ने प्रमाणित हुन्छ । यस्ता जल्दा बल्दा उदाहरण हाम्रा समाजमा प्रसस्त पाईन्छ । जस्तो कि एक इन्ची जग्गाको लागी टाउको फोराफोर गर्ने नालिस राखी दु:ख यातना दिने, धन दौलतको लागी इष्ट मित्र बन्धुजन सँग काटमार गर्ने, एक गाँस बढी खानको लागी मित्रलाई शत्रुमा परिणत गरी मै खाऊँ मै लाउँ भन्ने भावना राख्ने यो त अभियान जस्तै भई सकेको छ । अझ महत्वपूर्ण कुरा त अरु नै छ देहब्यापार गरी जीन्दगी बर्बाद गर्ने धन दौलतको खातिर खुलम् खुल्ला रक्तपात गर्ने जस्ता ज्वलन्त उदाहरण छन् भने अर्को तर्फ देशका इन्द्रधनु जस्ता युवाहरूले लागु पदार्थ सेवन गरी अनेक कुकर्महरूमा संग्लन भई नारकिय जीवन यापन गरी मोजमस्ती गर्नु नै धर्म हो भनि अवधारणा लिने यो गलत र भ्रम हो । यस्तो कामलाई मानव मन माथी दानवको बिजय र बुद्धत्व दर्शन नभएको भनि ठोकुवा गर्न सकिन्छ । हुन त कहिलेकाहिं प्राकृतिक गुण वा खराव संगत एवं कुसंस्कारले मानिस अन्जानरूपमा विसंगती र नराम्रो आचरण तर्फ बिस्तारै बिस्तारित हुनपुग्दछन् । तर यस्तो अवस्थामा मदमस्त भई यो बाध्यता र विवशता हो भनि पर्दाभित्र गुम्सेर आँखा चिम्ली यस्तो प्रवृतितिर कहिल्यै लाग्नु हुँदैन । सबभन्दा पहिले आफूले आफैलाई नै छाम्ने प्रयास गर्न सक्नु पर्छ । आत्मा अवलोकन गर्नु सक्नु पर्दछ । पछि यस्तो प्रवृतिको सुधार गर्न सकिदैन । कथम कदाचित सुधार गर्न सकेपनि

मर्ने बेलामा हरियो काँक्रो भन्ने उक्तिको चरितार्थ हुनेछ । वास्तवमा नराम्रो हरेक काम र प्रवृतितिर लाग्न सहज र सजिलो हुन्छ तर हाम्रो प्रवृतितर्फ लाग्न निकै कठित हुन्छ । मानौ, तपाईले एउटा फूल फुलाउन चाहानु हुन्छ भने सबैभन्दा पहिले फूलको बिरूवा सार्नु पर्छ । समय समयमा गोड्मेल गर्नुपर्छ पानी हाल्नु पर्दछ समयको अन्तरालमा एउटा कोपिला हुँदै फूल फुल्दछ तर यो फूललाई क्याचाक कुचुक पार्न तपाईलाई क्षण भंगुर पनि लाग्दैन । यथार्थमा मान्छे मान्छे भएर बाँच्नु सक्नु पर्दछ । मान्छे भित्र मानवता स्थापित गर्न सकोस् भन्ने अभिप्रायले हाम्रा अग्रजहरूले सुमार्गतिर लांग्न धर्म चिनो दिएर गएका हुन । तर आज भोली धर्ममा पनि अनेक कुसंस्कार, रूढीवादी र शोषण प्रवृतीहरू आइरहेका छन । जानिफकार पुरोहितहरूले गरीवजजमानहरूलाई ईश्वरको नाममा धर्मलाई ठग्ने भाँडो बताएका छन् । यो पुजाको लागी यति नै दक्षिणा चढाउनु पर्छ यो चाहिन्छ त्यो चाहिन्छ भनि शोषण गर्दछन् । मनोकामना पुरा होस भनि निरिह पशु पन्छीलाई बलि चढाउनु यो जायज हैन । यसैले धर्म भन्दै अन्तस्करण देखि आँखा छोपी सतहमा दौडिनु बेकार छ । शारिरीक कष्ट दिई भक्ति मार्गमा लाग्नु पनि मुर्खताः हो । जसरी कपासको काटेको बत्ती दुधमा दुवाएर बल्दैन जस्को लागी दुधलाई पकाई त्यसको तर निकाली घ्यू बनाई त्यो घिऊमा काटेका बत्ती दुबाएर निचार्दामात्र बत्ती बल्दछ । त्यसरी नै मान्छेले धर्म कमाउने आशामा र इश्वर प्राप्ती गर्ने लक्ष्यमा धर्मको मर्म नबुझिकन मनभित्र क्लेश रिस कुभावना राखी मन्दीर मस्जीद, गुम्बामा गई प्रार्थना गर्दैमा सहि अर्थमा धर्म आर्जन र ईश्वर प्राप्त गर्न सकिदैन । ध्यान साधना र समाधिमा रहि आफूले गर्न हुने कर्म के हो , गर्न नहुने काम के हो ? भनि राम्रो तरिकाले परिलक्षित गर्दै एउटा सद्मार्ग भेट्टाउनु पर्दछ । आफ्नो हृदय सफा, स्वच्छ र कंचन बनाई मनलाई प्राणीहरूको दुःख, करुणा बुझ्ने बिशाल थलोमा परिणत गर्न सक्नु पर्दछ । यस्तो कुरामा नैतिकता इमान्दारीता, सत्चरित्रता जस्ता भित्री गुणहरू उभिएर रहेको हुन्छ । जसलाई खराब असल, इमान्दारीता भन्ने नै थाहा छैन जो नैतिकताबाट पतन भईसकेको हुन्छ । यस्तो स्वार्थी वादी मान्छेले धर्म त के मान्छे भएर जन्मनुको मुल मर्म नै बुझ्दैन । यसैले मान्छेले कहिले पनि आफ्नो मात्र फाइदाको खातिर लाग्नु हुदैन । यसको बदलामा हरेक राम्रा बिचार सदिच्छा, कोमलता, कारूणिकता सुशिलता जस्ता कुराहरूलई आत्मसात गर्दै कुभावना घृणा, इर्ष्या क्लेश जस्ता नराम्रा कुतत्त्वहरूलाई राम्रा बिचारले थिची असल कुराहरूको समिकरण गर्दै उत्कृष्ट मन उत्सर्ग हृदय बताउनु पर्दछ । आजको युग बुद्धको युग हो । शान्ति, सदाचार भातृत्व मेलमिलाप र बिश्वबन्धुत्व कायम गर्नुपर्ने यस समयमा बौद्ध धर्म नै सर्वोत्तम सावित हुन्छ । बुद्ध नै मानविय शान्तीका एक मात्र अग्रदूत हुन् । वहाँले दिएर जानुभएको उपदेश पहिले मात्र हैन अहिले आज र भोलीसम्म पनि सार्थक र सास्वत रहिरहेको छ । वहाँको प्रमुख उपदेश (१) चोरी नगर्नु (२) सदाचारी हुनु (३) हिंसा नगर्नु (४) असत्य नबोल्नु (५) अभिमानी र अहंकारी नहुनु आदी हुन । यी उपदेशहरूलाई मनन गर्दा यस्तो प्रारूप भेटिन्छ । चोर्नु भनेको पाप मात्र हैन मानवताको सिंढीबाट समेत गिर्नु हो । यो साहै नै नराम्रो कुलत हो एउटा भनाई पनि छ, सियो चोर्नेले फाली चोर्छ फालि चोर्नेले घर फोड्छ" अरूको धन दौलतमा लोभी आँखा गाडी आफ्नो बनाउने सोचाई कहिल्यै पनि राख्नु हुँदैन रगत पसिना बगाई एक एक गरी धन कमाउँछ सो धन चोरी हुँदा अवश्य पनि त्यस ब्यक्तिको चित्त दुख्छ र उसको सत् आत्माले दिएको सराप अवश्य पनि लाग्दछ । त्यसैले मान्छेले सधै सत्कर्म तर्फ उन्मुख हुनु पर्दछ । जाना जानी वा अन्जानरूपमा कहिले पनि ब्यभिचारी बन्नु हुँदैन ब्यभिचारी भएमा मान्छेले मान्छेबाट पतित हुन्छ र पशु सरह बन्छ जस्तो गल्लीका कुकुरहरू हुन्छन् । हिंसा गर्नु भनेको पनि दानवियताको रूप प्रस्तुत गर्नु हो । 'प्राण जाय पर वचन नजाय' भने झैं सदैव सत्य र तथ्य कुराहरू मात्र गर्नु पर्दछ । असत्य एउटालाई छोप्न सयौं असत्य कुरा बोल्नु पर्दछ । यसैले असत्य कुरा गऱ्यौं भने हामी गीर्छौं (तल झर्दछौं) यसै सन्दर्भमा बुद्धले भन्नु भएको छ । सहस्र असत्य निरार्थक कुरा गर्ने भन्दा एउटा मात्र सत्य र सार्थक कुरा गर्नु नै श्रेष्ठकर छ । जुन कुरा सुन्दा मनमा शान्ती र आनन्द प्राप्त हुन्छ । एकवार मान्छे भई जन्मेर कहिले पनि अभिमानी र अहंकारी बन्नु हुँदैन पानी जस्तो अर्न्तयामी बन्न सिक्नु पर्दछ । जसरी पानी कण कण भई पृथ्वी र हावामा पनि बस्न (सक्दछ) त्यसरी नै नम्र हुन सकेमा हामीले धर्म र ईश्वर प्राप्त गर्न सक्दछौं । यसकारण हाम्रो मन भित्र उब्जीने अहंकार, काम लोभ

मोह क्लेश द्वेष जस्ता नराम्रा कुभावनाहरूलाई राम्रा भावनाले दबाई निमिट्यान्न गर्न सक्नु पर्दछ र मनलाई हृदयशक्ती विवेक शक्तिले आत्मालाई शुद्धीकरण गर्ने कोशिस गर्नुपर्छ । यसको लागी बौद्ध धर्म दर्शन अति आवश्यक भएको छ । आजको बिश्वमा कोलाहल तनाव शक्ति शक्ति बिचको होनहार युद्ध, द्वन्द लुटमार हत्या, बलात्कार जस्ता अप्रिय र अमानबिय घटनाहरू घटिरहेका छन् । पाईला पाईलाहरूमा समेत षड्यन्त्र ढाकछोप लोभ लालच जस्ता प्रकृयाहरू हुनेगरेका छन् । यसैले यहाँ शान्ती हैन अशान्ती छ । न्याय हैन अन्याय भइरहेको छ । शोषण गर्ने इर्ष्या, डाहा गर्ने जस्ता कुभावनाहरू मान्छे भित्र उब्जीरहेका छन् । यो सवै मान्छेकै कमी कमजोरीले गर्दा हो । त्यसैले मलाई भन्न मन लाग्दछ यो मान्छेकै बुद्धी बिवेकको कमीले हो । बुद्धत्व दर्शन गर्न नसक्नु र आत्मअवलोकन गर्न नसक्नुको नपुंसकता हो । यो मानवजातीको लागी टिठा लाग्दो र लाचारी कुरा हो भन्दा अति अतिरंजित हुनेछैन । यस्तो विभव परिस्थीतीमा मानवजाती मागको कल्याणको लागी एउटै मात्र धर्म दर्शन सान्है, नै उपयोगी सिद्ध हुन्छ त्यो हो बौद्ध धर्म दर्शन । किनभने यस धर्ममा मानवजातीले पालना गर्नुपर्ने कर्तब्य एवं दायित्वको दिशावोध गरेको छ । यसमा ब्यवहारिकता र बैज्ञानिकता पनि छ । जसले युगित चेतना जगाएको छ । बिश्वलाई कल्याणकारी मार्ग तर्फ बढ्न उन्मुख गरेको पाईन्छ । बुद्धका उपदेशहरू अति सत्य सार्थक र शास्वत रहिरहेको छ: भने अर्को तर्फ बिश्वको हावापानी सुहाउँदो धर्म पनि बुद्ध धर्म नै हो । यसैले यो बौद्ध धर्म दर्शन आजको अपरिहार्य आवश्यकता भन्दा पनि अन्याय हुनेछैन । यसर्थ आऊ साथी सहयोगी र बन्धुहरू आजदेखि नै बौद्ध धर्म दर्शनको अध्ययन गरी 'बहुजन हिताय् बहुजन सुखाय' भन्ने उक्तीलाई जीवन्तता दिऔं मन, वचन कर्मले परोपकार गर्ने प्रतिबद्धता जाहेर गरौं । लोभ तृष्णालाई सन्तोषले बिजय गरी क्रोध र घमण्डलाई ज्ञात प्राज्ञ किरण छरी क्लेश हित भावलाई धैर्य र शाहास एवं घृणालाई प्रेम भावको ध्वजा फर्फराई महाज्ञानको ज्योती बाली जीवन नै झिलीमिली पारौं, यस पृथ्वी धरातलमा पुन एउटा नव बुद्ध जन्माउने जमर्को गरौं ।

★

# म एक नारी हुँ

सृष्टिको मुहान हुं म
सिर्जनाको जुहार हुं म
माया ममताको अबिरल नदी हुँ म
धर्ती माताको साक्षात रूप हुं म
म एक नारी हुँ......

अन्धकारलाई दूर हटाउने
ज्योति छर्ने चन्द्र हुँ म
प्रज्ञाको ज्योति बाल्ने विद्याको ढोका खोल्ने
सरस्वतीको प्रतीक हुँ म
म एक नारी हुँ.....

न्याय र धैर्यको खानी
सहनशील यशोधरा, हुं म
ताराहरूको बिच ध्रुव तारा झैं
चम्किरहने भृकुटीको संगी हुं म
म एक नारी हुं.....

संसार चलाउन नभई नहुने
धनद्रब्यको खानी लक्ष्मी हुं म
दुष्ट दैत्यको संहार गर्ने
दुर्गा भगवतीको अङ्ग हुं म
म एक नारी हुं.....

शरीरमा महान आत्मा रोपी
ज्यानको बाजि खेली - खेली
शान्तिको प्रतीक गौतम बुद्ध
जन्म दिने आमाको स्वरूप हुं म
म एक नारी हुं.....

काँतर नीशाहासी नठान है मलाई
सगरमाथा चढ्ने पासाङ्ग हुं म
पतिब्रताले यमराज डगमगाउने
सती साबित्रीको जाती हुं म
म एक नारी हुं.....

**लक्ष्मी हीरा तुलाधर**
**माउण्ट ग्रीन स्कुल**
ज्याठा, बहादुर भवन क्याम्प, काठमाडौं

# 'हिंसा कर्मया विपाक'

भगवान बुद्धया पाले चुन्द सुकरिक धैम्ह मनू छम्ह दुगु जुयाच्वन । उम्ह चुन्द धा:म्ह मनूखँ थ:गु जीवनकाले न्येन्यादँ तक फाँ स्याना ला मिया जीविका याना च्वंम्ह जुयाच्वन । फाँत ग्वाग्वा लहिना ग्वारा ग्वारा ल्ह्वंक नकात्वंका तइम्ह जुयाच्वन । न्हिथं फाँ तयेत स्याय् मालकि ग्वाराग्वारा दा:गु ल: फाँया म्हुतु वाँखाका लुना बीगु अले म्ह तसकं फुले जुलकि तिनि स्याइगु जुयाच्वन । थुलि निर्ममता पुर्वक कष्ट बिया फाँ स्याना जीविका यानाव:गुलिं न्येन्यादँ लीपा उगु कर्मया विपाक थम्हं भोगे याय् मालाव:गु जुयाच्वन ।

फाँ स्याइगु इले गथें ग्यानापुक बेशब्दं हालीगु ख: चुन्द सुकरिक नं अथेहे हाला म्ह छम्हं मींपुम्हथें जलन जुइका उखेंथुखें इरुथिरु ब्वाँय जुइगु जुयाच्वन । जीवित अवस्थाय् हे थथे न्हेन्हु तक हिंसाकर्मया विपाक भोगे याय् मालावन । च्यान्हु दुखुनु मनुष्यलोकं मृत्यु जुया तुरन्त अविंचि महानरके जन्म जूवन । अथे अविंचि महानरके जन्म ज्वीधुंका नं न्हेन्हु तक वैगु छयेँ न्हापाथेतुं उखेंथुखें ब्वाँय् जूगुथें, बेशब्दं हालाह:गुथें जुया वैगु छयें क्वसं जुइपिनि तक नं ग्याका च्वनेमा:गु जुयाच्वन ।

मेगु बाखँ छपु श्रीलंकाय जुगु घटनाया रुपय् ध्व वर्षया गुँला धर्मदेशनाया झ्वलय् भाद्र २ गते विनयाचार्य भिक्षु भद्दिय द्वारा कना बिज्या:गु बाखँ थन न्ह्यथना च्वना ।

श्रीलंकाया छगु गामे मिलक्ख धैम्ह ब्याधा छम्ह दुगु जुयाच्वन । उम्ह ब्याधां नीन्यादँ तक पशु-पंछित स्याना जीविका याना च्वंम्ह जुयाच्वन । जंगले वनां दुबले दुथें त:म्ह मछि नं लाना हया तइगु जुयाच्वन । बिस्यूंवनी धका गुलिसित तुति छपा त्वा: ल्हाना गुलिसित पपू ध्यना: तइगु जुयाच्वन ।

नीन्यादँ तक थुकथं जीविका यायां छन्हु जंगले वंबले शिकार याय् मफया बान्हि जायका तिनि बल्लं मचाम्ह चल्ला छम्ह शिकार याय् फत । नयेमास्तेव:गु हुनी अनस्तुं स्यानां मिं च्याका छुयान:गु जुयाच्वन । थ: याकचां चल्ला छम्हेसिगु ला नये धुंका ल: त्वनेप्या: चायका उखें थुखें ल: मा: जुल । ल: मा: ववं छगू विहार वं खंकल । उगु विहारे झ्या-लुखा दक्व तिनांत:गु जुयाच्वन । तीजक झ्या चायका स्व:गु बखते म्हासुगु वस: पुनांत:पिं झ्व: लिक मिखा तिसिना फयतुनां च्वंगु खन । हाकन मेगु झ्या चायका स्व:गु बखते भ्रिग:घ: लाइन तयात:गु खन तर उकि ल: छफुति मदु । मिलक्खया ल: त्वनेप्या: चा:गुलिं तमं मिं जुया भिक्षुपिं च्वनाच्वंगु पाखे स्वया लाक्व-पाक्व म्हुतुवाना ब्वबिया च्वन ।

पिने च्वना ब्वबिया च्वंगु स: तायका चुल्ल पिण्ड पाटिक तिस्स धयाम्ह भिक्षु छम्ह तीजक प्याहां वया स्व: व:गु जुयाच्वन । गुम्ह भिक्षु क्लेश रहित ज्वीधुंकूम्ह अर्हतत्व प्राप्तम्ह ऋद्धिवानम्ह जुयाच्वन ।

उम्ह भिक्षुं शान्त स्वभावं नायूगु वचन द्वारा मिलक्ख ब्याधा यात - ए भाई छाय सुयात ब्व:बिया च्वनागु छाय हालाच्वनागु ? धका न्यना बिज्यात । दुने भ्रिग: मछि घ: तया: ल: तयातय् म्वा: ला ? खालिगु घ: तयातेगुला धका ब्वबिल । अले उम्ह भिक्षुं धया बिज्यात व घ: खालीगु मखु, जिं छन्त वहे घले च्वंगु ल: त्वंका हय् का वा धका ब्याधा यात ब्वना यंकल ।

भिक्षुं व घले छक थी मात्रं दक्व घलयनं ल: जायावल । ब्याधाया ल्हा म्हुतुइ दिकेबिया बिस्तारं भिक्षुं ल: लुनांबिया च्वन । छघ: त्वन लुमधं, निघ: त्वन लुमधं त्वत्वं त्वत्वं भ्रिग: घ: दक्व त्वनाबिल । चुल्ल पिण्ड पाटिक तिस्स भिक्षुया अजूचाया ब्याधायात - छ तँचाय् मखुसा जिं छगू धायला ? धका न्यन । तँ चाय् मखु छु धाय्गु धयादिसं धका ब्याधां अथे धासेंलि भिक्षुं-छला मनूया रुपय् जिवितम्ह प्रेत थें च्वं धया बिज्यात । ब्याधां सीधुंका तिनि प्रेत ज्वी धाइगु स्यु तर म्वानि बले अथे प्रेत धागुलिं - छाय्, थथे प्रेत धयागु जित: ? धका न्यन । जिपिं थन ख्वीम्ह-न्ह्यम्हसित गा:गु ल: पत्या हे मज्वीक छ याकचां त्वनेगु कम अदभुतया खँ मखु कम आश्चर्यया खँ मखु ।

छं छुंनं पाप अवश्य यानाव:गु दयेमा: छु याना वया ? धका न्यन । अथे धासेंलि उम्ह मिलक्खं नीन्यादँया थ:गु बृतांत छसिंनसें कनाहल । खँ दक्को न्यनेधुंका भिक्षुं धया बिज्यात- छं उलिमछि दं तक पापकर्म याना व:गुलिं जिवित अवस्थाय् हे विपाक भोगे याय्माला व:गु ख: ।

थुगु लोकं मृत्यु लीपानं छ नरके जन्म जूवनी तिनि । थुलि धासेंलि मिलक्ख ब्याधां नरक धयागु गन दु अले गजा:गु धका न्यन । भिक्षुं थ:गु ऋद्धिया बलं सच्छिग: गाडिं सीं ल्ह्येय्के बिया छथाय् मुंकेबिल । ऋद्धिया बलं मिं दन दन च्याका तुरन्त स्याना नं बिल ।

थथे मिं च्यानाच्वनी थाय् जन्म ज्वीगुयात हे नरके जन्म ज्वीगु धका थुइका बिसेंलि मिलक्ख ब्याधां - जिम्हांल अजा:गु थासे जन्म ज्वीम्हाल धका बिलाप याना ख्व ख्वं अजा:गु थासे जन्म ज्वी म्वाकेगु उपाय द:सा कना दिसं धका बिन्ति यात । चुल्ल पिण्ड पाटिक तिस्स भिक्षुं मिलक्ख यात-जिथें म्हासुगु चिवर पुनां भिक्षु ज्वी न्ह्यांला ? धका न्यना बिज्यात ।

मुक्त ज्वीगु उपाय ध्वहे ख: सा भिक्षु ज्वीगु जुल धका प्रव्रज्या फ्वन । अथे जूसा छं परिवार पिंके अनुमति कया वा धका छयें छ्वयाबिल । मिलक्ख ब्याधां छयेंवना न्यनेमा:पिंके न्यना तुरन्त विहारे ल्याहां वया प्रव्रज्या फ्वन । भिक्षुं मिलक्ख ब्याधा यात प्रव्रज्या याना बिसेंलि क्वात्तुक नियमे च्वना ध्यान भावनाय् तल्लिन जुया दच्छि दुबले हे मिलक्ख भिक्षुं अर्हत प्राप्त याना काल हाकन मेगु जन्म ज्वीम्वाल ।

गन बाँला:गु इच्छा दै अन बाँला:गु भिंगु उपाय दै धैगु सीका थुइका भी सकलें थुगु मोहनी निसें सम्यक मार्गय् पला: तये सयके धैगु अधिस्थान याय् सय्के फय्के । सुभाय

**किशोर धुस:(दीर्घमान)**

## दोश्रो धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर नि.मा.वि बौद्ध हाजिरी जवाफ प्रतियोगिता

धर्मकीर्ति विहार, नःघः ।
२०५९ भाद्र ११ देखि १५ गते सम्म ।

आषाढ पूर्णिमाको उपलक्षमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा दोश्रो धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर नि.मा.वि. बौद्ध हाजिरी जवाफ प्रतियोगिता रोशन काजी तुलाधरको संयोजकत्वमा सम्पन्न भएको छ । कूल १८ वटा पाठशालाहरू सहभागी भएको उक्त प्रतियोगिता मिति २०५९ भाद्र ११ गते शुरु भएको थियो भने भाद्र १५ गते फाइनल प्रतियोगिता सम्पन्न भई विजयी विद्यालय लगायत सहभागी अन्य विद्यालयहरूलाई पनि प्रमाणपत्र र पुरस्कारहरू प्रदान गरिएको थियो । उक्त पाँचदिने हाजिरी जवाफ प्रतियोगिताको संक्षिप्त विवरण यसरी रहेको छ ।

### मिति २०५९ भाद्र ११ गते

यसदिन भिक्षु अश्वघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनुभई कार्यक्रम शुरु गरिएको थियो । भिक्षु अश्वघोषको नै सभापतित्त्वमा संचालित यस दिनको कार्यक्रममा सहभागी विद्यालयहरू र विद्यालयहरूले प्राप्त गरेका अंकहरू यसरी रहेको छ ।

| सहभागी विद्यालयहरू | प्राप्ताङ्क |
|---|---|
| १. श्री कन्या मा.वि. यट्खा | ३५ |
| २. कान्ती इश्वरी राज्यलक्ष्मी मा.वि. प्याफल | ३२ |
| ३. नेपाल आदर्श मा.वि. गणबहाल | २२ |
| ४. आनन्दकुटी विद्यापीठ मा.वि. स्वयम्भू | १५ |
| ५. प्रभात मा.वि. श्रीघः नःघः | १२ |

सभापती **भिक्षु अश्वघोष महास्थविर**
निर्णायक मण्डल- **भिक्षु कोण्डञ्ञ**
**सुजाता गुरुमां**
**नानी मैंया मानन्धर**
प्रश्न कर्ताहरू (क्वीज माष्टर) **रीना तुलाधर**
**अगम्य रत्न कंसाकार**
कार्यक्रम संचालक - **श्यामलाल चित्रकार**
प्रश्न वितरण - **शहना मानन्धर**

यसदिनको प्रतियोगितामा श्री कन्या मा.वि.ले ३५ अंक प्राप्त गरी फाइनल प्रतियोगितामा प्रवेश गर्ने मौका प्राप्त गरेका थिए ।

### मिति २०५९ भाद्र १२ गते

| *सहभागी विद्यालयहरू* | *प्राप्ताङ्क* |
|---|---|
| १. नेचर बोर्डिङ्ग स्कुल, गोंङ्बुँ | ४४ |
| २. दीप ज्योती आवासीय मा.वि., गोंङ्बुँ | ३७ |
| ३. गीता माता उच्च मा.वि., विजयश्वरी | २७ |
| ४. श्री बालसेवा मा.वि., भोर्छें | २१ |
| ५. विश्व निकेतन उच्च मा.वि., त्रिपुरेश्वर | १७ |

सभापति : **दोगुणवती गुरुमां**
निर्णायक मण्डल : **भिक्षु भद्दिय**
**अनोजा गुरुमां**
**त्रिरत्न मानन्धर**
प्रश्न कर्ताहरू (क्वीज माष्टर) **रेणु स्थापित**
**विमला शाक्य**
कार्यक्रम संचालक **मीन शोभा शाक्य**
प्रश्न वितरक **रामेश्वरी महर्जन**

यसदिन नेचर बोर्डिङ्ग स्कुल गोंङ्बुँ विजयी भई फाइनल प्रतियोगितामा प्रवेश गर्न सफल भएका थिए ।

### मिति २०५९ भाद्र १३ गते

| *सहभागी विद्यालयहरू* | *प्राप्ताङ्क* |
|---|---|
| १. शान्ति शिक्षा मन्दिर मा.वि., ठँहिटी | ६३ |
| २. श्री भक्त विद्याश्रम मा.वि., रक्तकाली | २८ |
| ३. जगत सुन्दर ब्वनेकुथी, चागल | १४ |
| ४. दरवार हाइस्कुल, रानीपोखरी | १० |

सभापति- **धम्मवती गुरुमां**
निर्णायक मण्डल- **भिक्षु आनन्द**
**अग्गञाणी गुरुमां**
प्रश्न कर्ताहरू (क्वीजमाष्टर) **श्यामलाल चित्रकार**
**रामेश्वरी महर्जन**
कार्यक्रम संचालक **मीना तुलाधर**
प्रश्न वितरक **मायादेवी महर्जन**

यसदिन शान्ति शिक्षा मन्दिर मा.वि. ठँहिटीले ६३ अंक प्राप्त गरी फाइनल प्रतियोगितामा प्रवेश गरेका थिए।

### मिति २०५९ भाद्र १४

| *सहभागी विद्यालयहरू* | *प्राप्ताङ्क* |
|---|---|
| १. प्रबल अंग्रेजी मा.वि., भिमसेनस्थान | ४३ |
| २. परोपकार आदर्श उच्च मा.वि., भिमसेनस्थान | ३६ |
| ३. बोधिसत्त्व इङ्गलिस स्कुल, वटु | १८ |
| ४. जुद्धोदय मा.वि., क्षेत्रपाटी | १५ |

सभापति **रत्न मञ्जरी गुरुमां**
निर्णायक मण्डल **भिक्षु शोभित**
**ञाणवती गुरुमां**
**मदन रत्न मानन्धर**
प्रश्नकर्ताहरू (क्वीज माष्टर) **सुनीला स्थापित**
**तारा डंगोल**

कार्यक्रम संचालक जुजुमान महर्जन
प्रश्न वितरक चिनीकाजी महर्जन

यसदिन प्रबल अंग्रेजी मा.वि. भिमसेनस्थानले ४३ अंक प्राप्त गरी फाइनल प्रतियोगितामा प्रवेश गरेका थिए।

## मिति २०५९ भाद्र १५

### फाइनल प्रतियोगिता

| *सहभागी विद्यालयहरू* | *प्राप्ताङ्क* | *स्थान* |
|---|---|---|
| १. शान्ति शिक्षा मन्दिर मा.वि., ठँहिटी | ४२ | प्रथम |
| २. प्रबल अंग्रेजी मा.वि., भिमसेन स्थान | ३३ | द्वितीय |
| ३. नेचर बोर्डिङ्ग स्कुल, गोंङ्गबुँ | २८ | तृतीय |
| ४. श्री कन्या मा.वि., यट्खा | २३ | चतुर्थ |

सभापति **भिक्षु अश्वघोष महास्थविर**
निर्णायक मण्डल **भिक्षु कुमार काश्यप महास्थविर**
**वीर्यवती गुरुमां**
**अमीता धाख्वाः**
प्रश्न कर्ताहरू (क्वीज माष्टर) **डा. सुमनकमल तुलाधर**
**लोचनतारा तुलाधर**
कार्यक्रम संचालक : **प्रेमहीरा तुलाधर**
प्रश्न वितरक : **शहना मानन्धर**

यस पाँच दिने हाजिर जवाफ प्रतियोगितामा ध्रुवराजकर्णिकारले (टाइम कीपर) समय निर्धारण गर्ने कार्य गर्नुभएको थियो भने एस के श्रेष्ठ र हरी श्रेष्ठले प्राप्ताङ्क तालिका लेखी सहयोग गर्नुभएको थियो।

फाइनल प्रतियोगितामा शान्ति शिक्षा मन्दिर मा.वि. ठँहिटीले ४२ अंक ल्याई प्रथम स्थान ओगट्न सफल भएको थियो।

प्रतियोगिताको समापन समारोहमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव इन्द्र कुमार नकर्मीले बौद्ध हाजिर जवाफ प्रतियोगिता संचालन गर्नुको प्रमुख उद्देश्य प्रस्तुत गर्नुहुँदै भन्नुभयो-"यस हाजिर जवाफ प्रतियोगिता भाई बहिनीहरूलाई बुद्ध शिक्षा सिकाउनको लागि संचालन गरिएको हो।"

यसरी नै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष धम्मवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो- "यस हाजिर जवाफ प्रतियोगितामा पहिलो, दोश्रो र तेश्रो भई पदवी पाउनु भन्दा पनि बुद्ध शिक्षा अध्ययन कार्यको प्रमुख विशेषता रहेको छ। भाईराजा तुलाधर र सानुरत्न स्थापितको विशेष आर्थिक सहयोगमा संचालित यस हाजिर जवाफ प्रतियोगिताको प्रमुख उद्देश्य बुद्ध शिक्षा अध्ययन गराउनु हो। यसपाली पहिला हुन नसकेका विद्यालयहरूलाई अर्को साल अलि बढि मेहनत गरी पहिला बन्ने कोशिस गर्नुछ।"

संयोजक रोशन काजी तुलाधरले भन्नुभयो

नैतिकता र मानवताको खाँचो रहेको आजको समाजलाई बुद्ध शिक्षाको अति जरुरी छ। त्यसैले यस हाजिरी जवाफ प्रतियोगिता पनि बुद्ध शिक्षा सिकाउने उद्देश्यले संचालन गरिएको छ। प्रतियोगिता संचालनार्थ सहयोग पुऱ्याउनुहुने सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सभापतीको आशनबाट बोल्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो-

यस "हाजिर जवाफ प्रतियोगिता" बुद्ध शिक्षा प्रचारको माध्यम बनेको छ। हरेक प्रतियोगितामा हारजीत भनेको त भइ नै रहन्छ। तर यस बौद्ध हाजिर जवाफ प्रतियोगितामा भाग लिने सबै विद्यार्थीहरू विजयी भएको मान्नुपर्छ। किनभने उनीहरूले बुद्ध शिक्षा अध्ययन गर्ने मौका पाएका छन्। बुद्ध शिक्षा मानिसलाई असल मानिस बनाउनको लागि हो। त्यसैले असल मानिस बन्ने शिक्षा अध्ययन गर्न पाउनुलाई नै आफ्नो जीत ठान्नुपर्छ।"

विजयी विद्यालय लगायत हाजीर जवाफ प्रतियोगितामा सहभागी भएका सबै विद्यालयहरूलाई भिक्षु अश्वघोष महास्थविर, द्रव्यमान सिंह तुलाधर, सानुरत्न स्थापित र धम्मवती गुरुमांबाट पुरस्कार वितरण गर्नुभएको थियो।

स्मरणिय छ शान्ति शिक्षा मन्दिर मा.वि.ले २०५८ सालमा संचालित प्रथम धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर नि.मा.वि. बौद्ध हाजिर जवाफ प्रतियोगितामा पनि प्रथम स्थान हासिल गर्न सफल भएको थियो।

यस हाजिर जवाफ प्रतियोगितामा शिल्ड, पुरस्कार एवं जलपान आदि प्रवन्ध मिलाउनको लागि सहयोग गर्नुहुने दाताहरूको नामावली यसरी रहेको छ।

| *दाताहरु* | *सहयोगको विवरण* |
|---|---|
| **द्रव्य मान सिंह तुलाधर** | १) विजयी विद्यालयलाई शील्ड (प्रथम ध.की.र.शी.अ.नि.मा.वि. हाजिर जवाफ प्रतियोगितामा नै तयार भइसकेको) |
| | २) सहभागी सबै विद्यालय तथा विद्यार्थीहरुलाई पनि पुरस्कारको व्यवस्था। |
| **सानुरत्न स्थापित** | १) व्यवस्थापन खर्च |
| | २) फाइनल प्रतियोगितामा सहभागी भएका चारवटा विद्यालयहरुलाई धर्मकीर्ति पत्रिकाको विशेष सदस्यता प्रदान |
| **इन्द्रमान पुचः**<br>**प्रकाश रत्न तुलाधर**<br>**देश रत्न कसाः**<br>**धर्मदास ताम्राकार**<br>**धर्मकीर्ति मिजं पुचः** | जलपानको लागि आवश्यक खर्च व्यहोरेको |

*प्रस्तुति :* **विमला शाक्य ।**

*२०५९ श्रावण ४*

यसदिन "भनेको नमान्ने भिक्षुलाई सारीपुत्रको सन्देश" विषयमा प्रवचन भएको थियो । प्रवचनको विवरण यसरी रहेको छ ।

बुद्धकालिन समयमा गोलियानी नाम गरेको एक भिक्षु जंगलमा बस्ने गर्थ्यो उक्त भिक्षुले कसैले भनेको पनि कुरा मान्दैनथ्यो । त्यस भिक्षुलाई बोध गर्नको लागि भिक्षु सारीपुत्रले यसरी शिक्षा दिनुभयो-

एकान्त जंगलमा बस्ने भिक्षुसंग तल उल्लेखित ज्ञानहरू हुनुपर्छ र यी नियमहरू उसले पालन गर्नुपर्छ ।

१. सब्रह्मचारीलाई आदर गौरव राख्नु पर्छ ।
२. आशन कुशल हुनुपर्छ अर्थात् कुन अवस्थामा कहाँ कसरी बस्नु पर्छ भन्ने कुरा थाहाहुनु पर्छ ।
३. अभिसमाचारिक धर्म बारे थाहाहुनु पर्छ अर्थात् कुन ठीक कुन बेठीक, के गर्नु हुन्छ के गर्नु हुँदैन आदि विषयमा थाहा पाउनु पर्छ ।
४. ठीक समयमा गाउँमा पुग्नु पर्छ ।
५. कुलघरमा विचरण गर्नु हुन्न अर्थात् विना कारण गृहस्थहरूको घरमा आउने जाने गर्न हुन्न ।
६. चञ्चल चपल हुनु हुन्न ।
७. जथाभावी बोल्न हुन्न ।
८. आज्ञाकारी र कल्याण मित्र बन्नु पर्छ ।
९. भोजनको मात्रामा ज्ञान हुनुपर्छ । खानको लागि होइन बाँच्नको लागि खाइरहेको छु भनी मनमा लिनुपर्छ ।
१०. इन्द्रिय संयमी हुनुपर्छ ।
११. जागृत भएर बस्नुपर्छ ।
१२. वीर्यवान् हुनुपर्छ ।
१३. स्मृतीवान् हुनुपर्छ ।
१४. ध्यानमा समाहित हुनुपर्छ ।
१५. प्रज्ञावान हुनुपर्छ ।
१६. धर्म र विनयमा मन लगाउनु पर्छ ।
१७. आरुप्यमा तल्लिन हुनुपर्छ ।
१८. उत्तरीय मनुष्य धर्ममा संलग्न हुनुपर्छ ।

## धर्मकीर्ति अध्ययन गोष्ठीद्वारा संचालित हस्तकला प्रदर्शन कार्यक्रमको प्रतिवेदन

२०५९ श्रावण ११ र १२ गते ।

धर्मकीर्ति विहार श्रीघः नःघल ।

**प्रस्तुति - सुश्री तारा डंगोल**

धर्मकीर्ति अध्ययन गोष्ठीद्वारा असार पूर्णिमाको उपलक्षमा संचालित दुईदिने हस्तकला प्रदर्शनीमा बुद्धको अस्थिधातु र त्रिरत्न वन्दना कुँडिएको अद्‌भुत चामलको पनि प्रदर्शन गरिएको थियो । बर्माका पूज्य गुणवती गुरुमांद्वारा समुद्घाटन गरिएको उक्त प्रदर्शनीमा प्रदर्शन गरिएका सामानहरू र प्रदर्शनीमा सहभागीहरूको विवरण यसरी रहेका छन् ।

| स्टल नं. | सहभागीको नाम | प्रदर्शनमा राखेका सामान | कैफियत |
|---|---|---|---|
| १. | सजना जोशी<br>अम्बिका शाक्य | पेन्टीङ्ग - लोकेश्वर र शाक्यमुनी<br>प्लास्तिक ढकी र फुलदानी आदि । | |
| २. | चन्द्रावती तुलाधर | अचार मेथी, कागती, Vegetable mix | |
| ३. | लीना तुलाधर | प्लास्तिक ढकी, कलः, फुलदानी, तितौरा, चिप्स आदि | |
| ४. | सुमन तुलाधर<br>रमा कसाः | अचार-मेथी, खोर्सानी, Mix<br>निम्की, फुरदाना, कालो च्याउ र झोल सावुन आदि | |

| स्टल नं. | सहभागीको नाम | प्रदर्शनमा राखेका सामान | कैफियत |
|---|---|---|---|
| ५. | मीना तुलाधर<br>अलिन्द्रा तुलाधर | फूलहरू<br>Quilted कपडा, खोलहरू | |
| ६. | प्रज्वल तुलाधर | Candle stand, candle rack, CNBC | Iron touch |
| ७. | दिलशोभा तुलाधर | दूधको प्लास्तिकबाट वनेका सामानहरू | |
| ८. | सनम शाक्य | पेन्टीङ्ग, धातुका सामानहरू, धागोको ब्याग | |
| ९. | रत्नशोभा तुलाधर | मखमल जुत्ता, ब्याग, जीउ पखाल्ने सामान | |
| १०. | लोचनतारा तुलाधर<br>उष्णीषतारा तुलाधर | कपडाको फुलहरू | |
| ११. | स्वस्ति ताम्राकार | चाँदीको सामनहरू Ring र बुद्ध मूर्ति | |
| १२. | पुष्पहीरा तुलाधर<br>रेशना तुलाधर | अचार, सस, जाम, तितौरा र पस्मिना खास्तो आदि | |
| १३. | रोशनी तुलाधर<br>अमोध तुलाधर | Quilted सामान-ब्याग, पेन्सील बक्स, आदि । | |
| १४. | युजीन तुलाधर | अचार-मेथी, खोर्सानी, आँप आदि | |
| १५. | प्रमिला कंसाकार<br>प्रतिमा स्थापित | Synthetic bag, Raincoat, Bag, छाता राख्ने झोला,<br>Plastic Pot, Pencil Box, ढकी आदि | |
| १६. | मेनका प्रधान | Soft toys, Dolls, धागोको ब्याग, मकैको पुतली आदि | |
| १७. | रोशनी तुलाधर | उनको टेबुल पोष्ट, स्वीटर, Plastic bag | |
| १८. | हेरालक्ष्मी शाक्य | देउता मूर्ति, फ्रेम, कपडाको पुतली आदि | |
| १९. | बिद्या थैब | Quilted कपडा, पेटीकोट, तितौरा, चिप्स,<br>मस्यौरा, फुरन्दाना आदि | |
| २०. | नर्मदा श्रेष्ठ | तयारी लुगाहरू | असहाय महिलाद्वारा निर्मित |
| २१. | रूपशोभा शाक्य | अचार-मेथी र Mixed chili | |
| २२. | रीता तण्डुकार | Soft toys | |
| २३. | नानीहेरा शाक्य | स्याउ खोलको फूल, प्लास्तिकको फूलदानी, मकै,<br>दूध प्लास्तिकको सुकुल र कपडाको पुतली आदि । | |
| २४. | प्रणिधि तुलाधर<br>अनु तुलाधर | Face paint बुद्ध झण्डा र कार्टुनहरू | |
| २५. | रसुवन्ती कंसाकार<br>मोहिनी तुलाधर | चमेना गृह | |

श्रावण १२ गते धम्मवती गुरुमांको सभापतित्त्वमा उक्त प्रदर्शनीको समापन समारोह आयोजना गरिएको थियो। उक्त समारोहमा विभिन्न महानुभावहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए। यसको संक्षिप्त विवरण यसरी रहेको छ।

- **पूज्य भन्ते अश्वघोष महास्थविर** : यो प्रदर्शनी कार्यक्रम एकदमै राम्रो तथा प्रभावकारी भयो। भगवान बुद्धले पनि मंगलसुत्रमा भन्नुभएको छ शिल्प विद्या सिक्नु पनि मंगल हो।

- **पूज्य गुरुमाँ गुणवती** : पहिला पहिला वर्षको एकचोटी फूल, तितौरा बनाउने सिकाउने कार्यक्रम भइरहन्थ्यो तर अहिले त्यस्तो कार्यक्रम धेरै नभएको देखिन्छ। तर यस कार्यक्रमले पहिला पहिला सिकेको कुरालाई प्रदर्शनी गरी यस्तो सीप सिक्नु आवश्यक भएको सवैलाई महसुस गराएको छ। त्यसकारण यो कार्यक्रम एकदमै प्रभावकारी र उपयोगी भएको मैले अनुभव गरेकी छु। शिल्प विद्या सवैलाई अति आवश्यक छ।

- **श्री लोकदर्शन बज्राचार्य** : आफूसंग भएको खुवीलाई प्रदर्शनी गर्नका साथै आर्थिक आम्दानी पनि गरेको एकदम राम्रो छ। यसले गर्दा सदस्यहरूले आ-आफ्नो प्रतिभा देखाउन मौका पायो।

- **श्रीमती डा. सुमनकमल तुलाधर** : यो प्रदर्शनीमा कसले कति बेच्यो र कसले कति किन्यो भनी हिसाब किताब राख्नको लागि आयोजना गरेको होइन। यो कार्यक्रम आयोजना गर्नुको मुख्य उद्देश्य नै अध्ययन गोष्ठीका सदस्यहरूमा भएको सीपको प्रदर्शनी गर्नु हो।

- **सहभागी रूपशोभा बनियाँ** : पहिला पहिला यस्तो काम भनेको एकदम तल्लो तथा निच जस्तो लाग्दथ्यो तर अहिले त्यस्तो लाग्दैन किनकी आफूमा भएको सीपलाई यसरी बाहिर प्रदर्शन गरिनुले अझ आफूमा हौसला मिलेको महसुस भएको छ।

- **सहभागी श्रीमती सुमन प्रभा तुलाधर** : यो कार्यक्रमले आफूमा भएको खुबीलाई सवैको सामु ल्याउन सहयोग गरेको छ। जुन अति आवश्यक छ किनकी सवैले आफ्नो सीपलाई प्रदर्शन गर्न मौका पाइरहेका हुँदैनन्। त्यसकारण यस्ता कार्यक्रमहरू बेला बखतमा संचालन भईरहनु राम्रो हो।

- **कार्यक्रमको सभापति पूज्य गुरुमाँ धम्मावती** : धर्म भनेर खाली कथा मात्र सुनाएर पुग्दैन। त्यसकारण व्यवहारिक जीवन जिउन सवैलाई शिल्प बिद्या पनि आवश्यक छ। किनकी यसले गर्दा जोसुकैले पनि घरैबाट पनि आफूलाई आवश्यक पर्ने आय आर्जन गर्न सक्दछ। त्यसकारण धर्मकीर्ति अध्ययन गोष्ठीले बेलाबखतमा यस्ता शिल्प विद्याहरू सिकाउने, कथा, लेखहरू लेख्न सिकाउने साथै कुनै पनि कार्यक्रममा बोल्नु पऱ्यो भने कसरी बोल्नु पर्दछ भन्ने विषयहरूमा तालिमहरू दिने कामहरू गर्दै आईरहेका छन्।

  आज यो प्रदर्शनीमा जति पनि प्रदर्शनी गर्न ल्याइएका सामानहरू छन् ती सवै सामानहरू मध्ये धेरैजसो सामानहरू बर्माका पूज्य गुरुमाँ गुणवतीद्वारा पहिला पहिला सिकाइएका सामानहरू हुन्। त्यसकारण शिल्प विद्या भनेको त्यागी वा गृहस्थ सवैलाई अति आवश्यक छ भनी बुद्ध शिक्षामा उल्लेख गरिएको पाईन्छ।

- **रमा कंसाकार** : धन्यवाद ज्ञापन : यस कार्यक्रमलाई सफल पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने संपूर्ण सहयोगी वन्धुहरूलाई यस धर्मकीर्ति अध्ययन गोष्ठीको साथै म संयोजक रमा कंसाकारको तर्फबाट धेरै धेरै धन्यवाद छ। कुनै पनि कार्यक्रम संचालन गर्न तथा सफल पार्न एकजनाको मात्र बलले पुग्दैन सवैको हातेमालोबाट मात्र संभव हुने रहेछ। त्यसकारण यस कार्यक्रमलाई सफल पार्न सहयोग गर्ने धर्मकीर्ति अध्ययन गोष्ठीका परिवार, सहभागी सदस्यहरू र प्रदर्शन हेर्न आउनु भएका महानुभाव साथै व्यवस्थापन समिति र जलपानमा सहयोग गर्ने सवैलाई धन्यवाद ज्ञापन गर्दछ। प्रदर्शनीमा प्रदर्शन गर्नको लागि अद्‌भूत चामल ल्याउनु भई सहयोग गर्नुहुने भिक्षु अश्वघोष, अस्थिधातु उपलब्ध गराउनु भएकोमा पूर्णदेवी बनियाँ,

माइक्रोस्कोप उपलब्ध गराउनु हुने गौतम मान सिंह बनियाँ र माइक्रोस्कोप मिलाई सहयोग गर्नुहुने अमृत मान सिंह बनिया लगायत जलपान तयार गर्नुहुने चिनीतता लगायत अन्य सबै सहयोगीहरूलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

## *हस्तकला प्रदर्शनीको आय-व्यय विवरण*

आय

| | |
|---|---|
| १. रजिष्ट्रेशन | रू २२००।- |
| २. त्रिरत्न वन्दना अंकित चामल र अस्थिधातु प्रदर्शन | रु. १५५९।- |
| ३. विक्री गरिएका सामानहरूबाट प्राप्त कमिशन | रू ९७५८।- |
| कूल आय | रू १३५१७।- |



हस्तकला प्रर्दशनीको एक झलक

व्यय

| | | |
|---|---|---|
| चार्ट पेपर | - | रु १००।- |
| रीवन | - | रु ४५।- |
| टेप | - | रु ५०।- |
| थम्मपीन | - | रु १०।- |
| पीन | - | रु ३५।- |
| रजिष्ट्रेशन कापी | - | रु ५५।- |
| फोटोकपी खर्च | - | रु ४५।- |
| ब्यानर | - | रु ६४०।- |
| फोटो | - | रु ५१५।- |
| भिजिटिङ्ग कार्ड | - | रु ३०।- |
| प्रमाण पत्र | - | रु ३००।- |
| जलपान खर्च | - | रु २००५।- |
| टेवल मेच ढुवानी खर्च | - | रु ४५०।- |
| टेवल मेच भाडा दस्तुर | - | रु ७००।- |
| हराएको मेचको लागि | - | रु २००।- |
| | जम्मा खर्च | रु. ५६८०।- |





# बिचाः हायका

अनिच्चावत संखारा, उप्पादवय धम्मिन्नो
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो



बुदिंः-
वि.सं. १९८५ - ०७ - २० गते

मदुगु दिं -
वि.सं. २०५९ - ०३ - १३ गते

## मदुम्ह भाजु पुष्कर तुलाधर

*धर्मकीर्ति पत्रिकाया विशेष सदस्य लाजिम्पाते च्वंम्ह भाजु पुष्कर तुलाधर मदुगुलिं दुःखं कःपिं वयकःया छैंजः पिन्सं संसार अनित्य खः धका थुइके फयूमा धका बिचाः हायूका ।*

धर्मकीर्ति पत्रिका

## रक्तदान कार्यक्रम सम्पन्न

म्याग्दी, बेनी श्रावण ३१ गते

म्याग्दी बौद्ध संघको आयोजनामा ३८ औं राष्ट्रिय बाल दिवसको पावन अवसरमा युवा बौद्ध संघको संयोजकत्वमा बेनी बजारको संगम चोकमा "खुल्ला रक्तदान कार्यक्रम" सम्पन्न भयो ।

उक्त कार्यक्रममा ८९ जना रक्तदाताले रक्तदान गर्नु भएको थियो । महिला बौद्ध संघको अध्यक्ष श्रीमती विष्णु शाक्य (स्मृति) ज्यूबाट पंचशील प्रार्थना गरी शुरुवात गरिएको उक्त कार्यक्रममा स्वागत मन्तव्य युवा बौद्ध संघका उपाध्यक्ष श्री अनिष गौतमज्यूले र रक्तदान कस्तो व्यक्तीले कस्तो अवस्थामा दिनु पर्छ भन्ने बारेमा म्याग्दी अस्पतालका डा. सागर राजभण्डारीज्यूले जानकारी गर्नुभयो । प्रमुख जिल्ला अधिकारी श्री पशुपतिनाथ शर्माज्यूले भगवान बुद्धको दान विषयमा प्रकाश पार्नु भएको उक्त कार्यक्रमका प्रमुख अतिथि उद्योग वाणिज्य संघ म्याग्दीका अध्यक्ष श्री सुदर्शन कुमार श्रेष्ठज्यूले आफ्नो प्रमुख आतिथ्य मन्तव्य सहित रक्तदाताहरूलाई प्रशंसापत्र एवं मायाको चिनो प्रदान गर्नु भयो। सो कार्यक्रममा सवभन्दा वढी उमेरका (४९ वर्ष) श्रीमती जगतदेवी पुन मगर लगायत म्याग्दी जिल्लामा कार्यरत कर्मचारी, उद्योग व्यापारी शिक्षक, विद्यार्थी, संघ संस्थाका प्रतिनिधि एवं समाज सेवीहरू संलग्न रहेको थियो । म्याग्दी बौद्ध संघका अध्यक्ष श्री यजन लाल शाक्यको सभापतित्वमा सम्पन्न उक्त रक्तदान कार्यक्रममा युवा बौद्ध संघ म्याग्दीका कोषाध्यक्ष श्री सुविन श्रेष्ठले संचालन गर्नु भएको थियो ।

## बाल आश्रमको दोश्रो वार्षिक उत्सव

बनेपा, भाद्र ८ गते ।

आर्थिक अवस्था कमजोर भई समाजमा अपहेलित एवं शिक्षाबाट वञ्चित हुनपुगेका केही बालबालिकाहरूको भविष्य सुधार्ने उद्देश्यले स्थापित मैत्री केन्द्र (मेत्तासेन्टर) ध्यानकुटी बालआश्रमको दोश्रो वार्षिक साधारण सभा एक समारोह बिच सम्पन्न भएको छ ।

उक्त समारोहमा बोल्नुहुँदै सो केन्द्रका धर्मानुशासक एवं ध्यानकुटी विहारका संरक्षक भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो-"मेवा खानको लागि मात्र सेवा गर्नेहरू थुप्रै भएको यस समाजमा भित्री मनले समाज सेवा कार्यमा लाग्ने व्यक्तिहरूको संख्यामा पनि कमी छैन । बुद्धको शिक्षा मानिसलाई असल मानिस बनाउने उद्देश्य अनुसार यस बाल आश्रमको स्थापना भएको हो । यस केन्द्र संचालनार्थ बनेपा नगर पालिका लगायत अन्य क्षेत्रहरूबाट पनि सोचे भन्दा बढि सहयोग प्राप्त भइरहनु खुशीको कुरा हो । यसबाट प्रष्ट हुन्छ राम्रो काम गर्ने व्यक्तिहरूलाई सदैव राम्रै हुँदो रहेछ ।"

बनेपा नगर पालिकाका पूर्व प्रमुख डा. सुरेन्द्र बहादुर बादे श्रेष्ठले भन्नुभयो-"असल मानिस बन्न गाऱ्हो छ । यसको लागि समाजमा आफुले सक्दो निश्वार्थी भई सहयोग पनि गर्नुपर्दछ ।"

कार्यक्रममा बोल्नुहुँदै मैत्री केन्द्रका सल्लाहकार धम्मवती गुरुमांले भन्नुभयो-"बाल विकासका लागि आधुनिक विद्यालयका शिक्षा मात्रले अपूर्ण हुने भएकोले बुद्ध शिक्षालाई पनि शैक्षिक पाठ्यक्रममा समावेश गर्नु जरुरी देखिन्छ ।"

**साहित्यकार मोहन दुवाल**

बनेपाको सबभन्दा फोहोर मानिने ठाउँमा नै ध्यानकुटी बौद्ध विहार, बाल आश्रम र वृद्धाश्रम समेत स्थापना गरी राम्रो र पवित्र कार्य संचालन हुनुलाई सराहनिय मान्नु पर्दछ ।

उक्त समारोहमा आश्रमका दुई बालिकाहरू रेणु र विनीताले भविष्य राम्रो पार्ने बुद्ध शिक्षा लगायत नैतिक शिक्षा तथा दया स्नेह तथा आवश्यक वस्तु प्रशस्त मात्रामा प्रदान गराउनु हुने पूज्य भिक्षु अश्वघोष प्रति खुशी र कृतज्ञता व्यक्त गरेका थिए ।

मैत्री केन्द्रका अध्यक्ष पियरतन महर्जनको सभापतित्वमा सम्पन्न भएको उक्त समारोहमा सचिव वीरेन्द्र श्रेष्ठले २०५७ सालमा ८ जवान बालबालिकाहरूलाई आश्रय दिई शुरु गरिएको उक्त केन्द्रमा हाल १२ जना बालबालीकाहरू रहेको कुराको जानकारी दिनुहुँदै आश्रम संचालनको लागि सबैको सहयोगको अपेक्षा गर्नुभएको थियो ।

केन्द्रका उपाध्यक्ष भिक्षु धर्ममूर्तिले संचालन

गर्नुभएको उक्त कार्यक्रममा सुश्री सत्यना शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## शिलान्यास

सोही अवसरमा मेत्ता सेन्टर (केन्द्र) को नयाँ भवन निर्माणार्थ जापानी नागरिक एम. मासुदाले शिलान्यास गर्नुभएको थियो । करीव ८ लाखको लागतमा निर्माण हुने उक्त भवनको लागि जापानी नागरिक एम. मासुदाबाट सक्दो आर्थिक सहयोग प्रदान गरिने विषयमा बताइएको थियो ।

## "मैत्री केन्द्र बाल आश्रम स्टेशनरी वितरण"

बनेपा जुनियर जेसिजले "समुदायमा जेसिज" कार्यक्रम अन्तर्गत यहि २०५९ श्रावण २५ गते शनिवारका दिन ध्यानकुटी विहार बनेपाको मैत्री केन्द्र बाल आश्रमका ११ जना बालिकाहरूलाई स्टेशनरी वितरण गरियो ।

बनेपा जुनियर जेसिजले गत वर्ष देखि बाल आश्रमका विद्यार्थीहरूलाई स्टेशनरी वितरण गर्दै आएको छ । उक्त कार्यक्रममा मैत्री केन्द्रका उपाध्यक्ष भिक्षु धर्ममूर्तिले कार्यक्रमको सराहना गर्दै यसले विद्यार्थीहरूको हौसला बढाउनमा मद्दत गर्ने कुरा व्यक्त गर्नु भयो । कार्यक्रमका प्रमुख अतिथि तथा "का.मु.जेसिजका पूर्व अध्यक्ष शान्ती रत्न शाक्यले बाल आश्रमका विद्यार्थीहरूलाई एक वर्ष सम्मका लागि स्टेशनरी निशुल्क उपलब्ध गरिदिने प्रतिवद्धता जाहेर गर्नु भयो । कार्यक्रमका सभापति एवं बनेपा जुनियर जेसिजका अध्यक्ष राजु पलान्चोकेले आगामी दिनहरूमा पनि त्यस प्रकारका कार्यक्रमलाई निरन्तरता दिईने कुरा व्यक्त गर्दै विद्यार्थीहरूको उज्वल भविष्यको कामना गर्नुभयो उक्त कार्यक्रमका संयोजक एवं जुनियर जेसिजका उपाध्यक्ष मुकेश तौजलेले स्टेशनरी वितरण कार्यक्रम संचालन गर्नुभएको थियो ।

**स्व. भिक्षु सुदर्शन महास्थविरको श्रद्धाञ्जली कार्यक्रम**

स्व. भिक्षु सुदर्शन महास्थविरको पुण्यस्मृतिमा विभिन्न स्थानहरूमा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको समाचार प्राप्त भएका छन् ।

स्थान - बेनी बजार, मिति २०५९ श्रावण १८,

बेनी बजार म्याग्दी बौद्ध संघको आयोजनामा बेनी बजारस्थित बौद्ध चैत्यको परिसरभित्र स्व. भिक्षु सुदर्शन महास्थविरको श्रद्धाञ्जली सभा सम्पन्न गरिएको छ । उपस्थित उपासक उपासिकाहरूले स्व. भिक्षु सुदर्शनको तस्विरमा फुलका गुच्छाहरू चढाई एक मिनेट मौन धारण गरी शुरु गरिएको उक्त सभामा दीप प्रज्ज्वलन बुद्धपूजा र मरणानुस्मृति पाठ गरी श्रद्धाञ्जली मन्तव्य पनि व्यक्त गरिएको थियो । श्रद्धाञ्जली व्यक्त गर्नुहुने महानुभावहरूको नामावली यसरी रहेको थियो याम शाक्य, हरीकृष्ण श्रेष्ठ, प्रकाश कुमार श्रेष्ठ, यज्जन लाल श्रेष्ठ, आदि ।

## बनेपामा वृक्षारोपण

बनेपा, भाद्र १ गते ।

बनेपा बौद्ध बृद्धाश्रममा काठमाडौंका चित्रकार (पुं) समाजले विभिन्न जातका ३ सय भन्दा बढि फलफुलका विरुवाहरूको वृक्षारोपण गरिएको समाचार छ ।

उक्त वृक्षारोपण कार्यक्रममा वृद्धाश्रमका अध्यक्ष धम्मवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो-"गौतम बुद्धले वृक्षारोपणको महत्त्व उल्लेख गर्नुहुँदै आफ्ना अनुयायीहरूलाई वृक्षारोपण कार्य पुण्य कमाउने कार्य हो भन्नु भएको छ ।"

उक्त कार्यक्रममा चित्रकार समाजका अध्यक्ष पूर्णमान चित्रकारको नेतृत्त्वमा सयौं चित्रकारहरूको उपस्थिती थियो ।

वृद्धाश्रमका सचिव इन्दिरा मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा बौद्ध बृद्धाश्रमको सहयोगार्थ चित्रकार समाजले ३ हजार चार सय पैंतालिस रुपैयाँ रकम आर्थिक सहयोग गरेको थियो ।

स्मरणिय छ "वृक्षारोपण हाम्रो सँस्कृतिमा भित्र्याउँ" भन्ने नारा दिएर चित्रकार समाजले गएको वर्षमा लुम्बिनीको दक्षिणी क्षेत्र र पश्चिमी क्षेत्र, जनक शिक्षा सानो ठिमी, नुवाकोट, देवीघाट, ललितपुरको सुनाकोठी, शोभा भगवती अगाडि र नालामा समेत वृक्षारोपण गरिएको थियो ।

## बुद्ध मूर्ति स्थापना

२०५९ भाद्र ६

वि. एण्ड वि. अस्पताल, सातदोवाटो

श्री शाक्य सिंह विहारलाई थाइलैण्डबाट प्रदान गरिएको झण्डै ४ फीट अग्लो बुद्ध मूर्ति सातदोवाटो

स्थित वि. एण्ड वि. अस्पतालमा शान्ति कामनार्थ स्थापना गरिएको समाचार छ । भिक्षु धम्मपालले पञ्चशील प्रार्थना गराउनु भई धर्मदेशना गर्नु भएको उक्त समारोहमा अस्पतालका डाक्टर, नर्स र स्टाफहरू लगायत अन्य थुप्रै उपासकोपासिकाहरूको पनि उपस्थिती रहेको थियो ।

## कमल आसन तथा रत्नन्यास समारोह

२०५९ श्रावण ३१ गते

श्रीघ: विहार सुधार तथा बुद्ध प्रतिमा निर्माण समिति श्रीघ: न:घलको आयोजनामा श्रीघ: विहारको हाताभित्र जनसहभागितामा निर्माणाधीन बुद्ध प्रतिमा स्थापनार्थ कमल आसन तथा रत्नन्यास समारोह सम्पन्न भएको छ । धम्मवती गुरुमांको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा पं. वद्रीरत्न बज्राचार्यले रत्न न्यास पूजा गर्नुभएको थियो । धम्मवती गुरुमां लगायत अन्य गुरुमांहरूले पनि परित्राण पाठ गर्नुभएको उक्त समारोहमा लामा गुरुहरूबाट पनि मंगल पाठ गर्नुभएको थियो । समितिका सदस्य सचिव गुह्यरत्न शाक्यले निर्माण सम्बन्धि संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त समारोहमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो - भूतपूर्व मेयर केशव स्थापित, डा. थीरमान शाक्य, पं. वद्रीरत्न बज्राचार्य र धम्मवती गुरुमां आदि ।

## पुरस्कार वितरण

बु.सं. २५४५ को परियत्ति कक्षा उत्तिर्ण भएका विद्यार्थीहरूलाई परियत्ति शिक्षालयहरूले पुरस्कार वितरण गरिएको समाचार प्राप्त भएको छ ।

स्थान : शाक्य सिंह विहार

मिति : २०५९ भाद्र ६ गते ।

नेपालका लागि थाइलैण्डका कार्यवाहक राजदूत प्रसिद्धथेत विचित्सोरतको प्रमुख आतिथ्य र भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा संचालित एक कार्यक्रम विच बु.सं. २५४६ मा शाक्य सिंह बौद्ध परियत्ति शिक्षालयबाट बौद्ध परियत्ति परीक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको छ । उक्त कार्यक्रमका विशेष अतिथीद्वय ल.पु. क्षे.नं. २ का भू-पू. सांसद कृष्णलाल महर्जन, ल.पु. उ.म.न.पा. का निवर्तमान मेयर बुद्धिराज बज्राचार्य तथा डा. चन्द्रेश तुलाधर, मोतीलाल शिल्पकार र ज्ञानी बज्राचार्यले संयुक्त रुपमा पुरस्कार वितरण गर्नुभएको थियो । यस वर्षको परीक्षामा उक्त केन्द्रबाट कक्षा ५, ४ र १ गरी जम्मा ३ जना विद्यार्थीले बोर्ड स्थान प्राप्त गर्न सफल भएका थिए भने जम्मा ५१ जना विद्यार्थीहरू परीक्षाबाट उत्तीर्ण भएको कुरा जानकारी हुन आएको छ ।

स्थान - नगदेश बौद्ध समूह

मिति - २०५९ भाद्र ७ गते ।

बुद्ध सम्बत् २५४५ मा बौद्ध परियत्ति शिक्षाको परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरूलाई श्रद्धेय भिक्षुहरू राहुल, कोलित र सद्धातिस्सले क्रमैसंग पुरस्कार प्रदान गर्नु भएका थिए । नगदेश बौद्ध परियत्ति शिक्षा केन्द्रबाट एक छात्राले बोर्ड द्वितीय स्थान हासिल गर्न सक्षम भएको थियो ।

यही दिन नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको धम्महलमा पूर्णिमाको उपलक्षमा बुद्ध पूजा कार्यक्रम सम्पन्न गरिएको थियो । भिक्षु कोलितले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा भिक्षु राहुलले धर्मदेशना गर्नुभएको थियो ।

स्थान - बेलुवनाराम विहार, ठेचो

मिति - २०५९ भाद्र १५ ।

बेलुवनाराम विहार परियत्ति केन्द्रबाट बुद्ध सम्बत् २५४५ मा परियत्ति शिक्षा परिक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई श्रीलंकाका Charge de affaires Mr. Wimal De Silva को तर्फबाट आठौं प्रेरणा पुरस्कार वितरण गरी समारोह सम्पन्न गरिएको छ ।

## आठौं राष्ट्रिय बौद्ध सम्मेलन

२०५९ भाद्र १४ गते

श्रीकीर्ति विहार, कीर्तिपुर ।

धर्मोदय सभाको आयोजनामा आठौं राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको छ । कार्यवाहक प्रधानमन्त्री चिरञ्जीवी वाग्लेले समुद्घाटन गर्नुभएको उक्त सम्मेलन धर्मोदय सभाका अध्यक्ष लोकदर्शन बज्राचार्यको सभापतित्त्वमा सम्पन्न गरिएको थियो । भिक्षु अनिरुद्ध महास्थविरले पञ्चशील प्रार्थना गराउनु भई भिक्षु संघ, लामागुरुहरू र बज्राचार्य गुरुहरूबाट पालै पालो मंगल पाठ, स्वस्ती वाचन समेत गरिएको उक्त सभामा धर्मोदय

सभाका केन्द्रिय महासचिव सुवर्ण शाक्यले प्रतिवेदन मन्तव्य व्यक्त गर्नु भएको थियो ।

सो अवसरमा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट बक्स भएको शुभकामना सन्देश पनि पढेर सुनाइएको थियो । उक्त सन्देशमा श्री ५ महाराजाधिराजबाट बौद्ध धर्ममा अन्तर्निहित, सत्य नैतिकता र शान्ति जस्ता सद्‌गुणहरू फैलाउनु र सबैलाई राष्ट्रिय एकताप्रति सचेत रहने प्रेरणा प्रदान गर्न सम्मेलन सफल हुने विश्वास पनि व्यक्त गरिबक्सेको थियो ।

आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै का.बा. प्रधानमन्त्री चिरञ्जिवी वाग्लेले बुद्ध शिक्षालाई दैनिक जीवनमा प्रयोग गर्न सकेमा आजको अशान्ति वातावरणलाई शान्तिमा परिवर्तन गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । बुद्ध जन्मस्थल लुम्बनीको विकास गर्न सके हाम्रो देशको स्थितीलाई अझ सपार्न सकिने विश्वास व्यक्त गर्नुहुँदै यसका लागि सरकार प्रयत्नरत छ भन्नुभयो ।

सो समारोहमा संघनायक भिक्षु अनिरुद्ध महास्थविरले बौद्ध धर्म सँस्कृतिमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने धर्मोदय सभाका महासचिव सुवर्ण शाक्यलाई नगद रु. १५०००।- सहितको धर्मोदय धम्म पुरस्कार र अभिनन्दन पत्र प्रदान गर्नु भएको थियो ।

थाई राजदूत लगायत भारतका प्रथम सचिवबाट मन्तव्य व्यक्त गर्नु भएको उक्त समारोहमा धर्मोदय सभामा कोषाध्यक्ष पद्म ज्योती र उपाध्यक्ष लक्ष्मीदास मानन्धर लगायतका वक्ताहरूले लुम्बिनी निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्नुपर्ने माग गर्नुभएको थियो ।

## बाल आश्रमलाई सहयोग

मेत्ता सेन्टर ध्यानकुटी बाल आश्रमलाई आर्थिक सहयोग दिने चन्दा दाताहरूको नामावली

| सिं नं. | नाम | चन्दा रकम |
|---|---|---|
| १. | OKAWE ATSUBHI JAPAN | |
| | (क) (जापानी भाषा सिक्नको लागि) | रु. १५,०००।- |
| | (ख) (एक बालिकाको लागि एक वर्षको खर्च) | रु. १२,०००।- |
| २. | हीरालाल नकर्मी दिल्लीबजार | रु. ५,०००।- |
| ३. | चिनी शोभा कंसाकार श्रीघः | रु. १,०००।- |
| ४. | मैत्रेय युवा संघ, भक्तपुर | रु. ६२५।- |
| ५. | ज्ञानोदय तुलाधर, जनबहाल | रु. ५००।- |
| ६. | बुद्ध काजी मानन्धर, बनेपा | रु. ५००।- |
| ७. | लहर मान कपाली, बनेपा | रु. ५००।- |
| ८. | ध्रुवराज कर्णजीत, बनेपा | रु. ५००।- |
| ९. | जुजु काजी शाक्य, (शाक्य वाचशप) | रु. ३००।- |
| १०. | कृष्ण चन्द्र मानन्धर | रु. ३००।- |
| ११. | स्व. आमा कान्छीको स्मृतिमा निर्मला जोशी | रु. ५००।- |
| १२. | आनन्द सिद्धि तुलाधर, काठमाडौं | रु. ४००।- |
| १३. | सुरेन्द्र पोते बनेपा | रु. २००।- |
| १४. | वच्चु डंगोल | रु. २००।- |
| १५. | तीर्थ देव मानन्धर, वृद्धाश्रम | रु. २००।- |
| १६. | गणेश दास उलक | रु. १२५।- |
| १७. | निर्मला जोशी, नीता | रु. १००।- |
| १८. | केदार डंगोल | रु. ५०।- |
| १९. | श्रीमाया शाक्य | रु. ५०।- |
| २०. | फुटकर | रु. १००।- |
| २१. | डा. थाइ विन यु (वियतनामी) लुम्बिनी | रु. ३२००।- |

## अन्तर्वार्ता

मिति - २०५९ भाद्र १५ गते ।

दोश्रो धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर नि.मा.वि. बौद्ध हाजिर जवाफ प्रतियोगितामा विजयी बिद्यालयका टोली नेतृ नीलकमल नेपाली संग धर्मकीर्तिबाट छोटो अन्तर्वार्ता लिइएको थियो । यसको विवरण प्रस्तुत छ ।



वीर्यवती गुरुमाँ अन्तर्वार्ता लिनु हुँदै

ध.की.- यस बौद्ध हाजिर जवाफ प्रतियोगितामा भाग लिई विजयी बन्न पाएकोमा कतिको खुशी हुनुहुन्छ ?

नील कमल- ज्यादै खुशी छु । असाध्य खुशी लागिरहेको छ ।

धं.की.- हाजिर जवाफको सिलसिलामा यहाँले बुद्ध शिक्षाका थुप्रै पुस्तकहरू अध्ययन गरि सक्नु भएको छ । बुद्ध शिक्षा बारे तपाईंको कस्तो धारणा रहेको छ ?

नील कमल- मेरो विचारमा मानिसको जीवनमा बुद्ध शिक्षा अत्यावश्यक रहेको देखिन्छ ।

ध.की.- त्यसो भए 'पञ्चशील" मा उल्लेखित नियमहरू निरन्तर पालना गर्ने इच्छा छ ? सक्नु हुन्छ होला जस्तो लाग्छ ?

नील कमल- पञ्चशील पालन गर्ने इच्छा छ र यसलाई पालन गर्न गाऱ्हो पर्ला जस्तो त लाग्दैन ।

ध.की.- तपाईले अध्ययन गर्नु भएका बुद्ध शिक्षामा आधारित पुस्तकहरू मध्ये कुन पुस्तकबाट बढि प्रभावित हुनु भयो ?

नील कमल- गृही विनय ।

ध.की.- यसको कारण ?

नील कमल- गृहस्थीहरूले गृही विनयमा उल्लेख गरिएका नियम र कर्त्तव्यहरू पालन गर्न सकेको खण्डमा उनीहरूको जीवन सुखी र सफल हुने देखेर ।

## रोगको कारण र त्यस्को निवारण

*रिपोर्टर-* **श्याम लाल चित्रकार**

२०५९ साल श्रावण १८ गते शनिवारका दिन बिहान धर्मकीर्ति विहारमा रोगको कारण र त्यस्को निवारण" विषयमा श्री मदन रत्न मानन्धरले दिनु भएको प्रवचनको सारांश यस प्रकार छ । हामी सवैले रोगको पीडालाई महसुस गरेका छौं र रोगलाई मनपराउँदैनौं । रोगहरू दुइ प्रकारका छन् : शारिरीक र मानसिक । जुनसुकै रोग पनि त्यसै लाग्दैन । खाना, पानी, वातावरण, संसर्ग, वंशानुगत, चतुर्महाभूत (पठवी, आपो, तेजो, वायु) मा असन्तुलन, जीर्ण हुने स्वभाव इत्यादी विभिन्न कारणहरूले गर्दा रोगहरू उत्पन्न हुन्छन् । ती सम्पूर्ण कारणहरूलाई चार भागमा विभाजन गर्न सकिन्छ । अत: रोगका कारण मूख्यतया चार वटा छन् : (१) ऋतु (२) आहार (३) चित्त र (४) कर्म । मौसम परिवर्तन, वातावरण, आहार विहार विक्षिप्त मन र चेतना सहितको कर्म (शरीर, वचन र मनले गर्ने काम) ले रोगलाई निम्त्याउँछ भन्ने कुरा बुझेर रोग नलाग्ने अनुकूल व्यवहार गर्ने सिक्नु पर्दछ र सिके बमोजिम अभ्यास गर्नु पर्दछ । जन्मेपछि बुढा हुन्छ र मर्दछ । तृष्णा युक्त कर्मले गर्दा फेरि फेरि जन्म भईरहन्छ । रोग र दु:खको निदान तृष्णा भएकोले तृष्णा विहिन सत्कार्यमा लाग्नु नै रोगको निवारण तर्फ लाग्नु हो ।

## एसएलसीमा बीसौं पटक सामेल

**- देवचन्द्र भट्ट, नुवाकोट**

स्थानीय रालुकादेवी गाविस-९ टुटुङका जयकृष्ण सिलवाल यसपटक बीसौं पटक एसएलसी परीक्षामा सामेल भएका छन् ।

४० वर्षीय जयकृष्णले २०४१ सालमा पहिलो पटक शक्ति मा.वि दाङमै मदानपुरबाट एसएलसी परीक्षा दिएका थिए । बीचमा दुईपटक एसएलसीमा अनुपस्थित रहेको उनले यसपटक समेत गरी बीसौं पटक सो जाँचमा सामेल भइसकेका छन् ।

जसरी हुन्छ, आफूले अध्ययन गरेको पुरानो शिक्षाबाट जहिलेसम्म एसएलसी परीक्षा दिन पाइन्छ दिइरहने र पास गरिछाड्ने अठोट लिएका जयकृष्णले विदुर नगरपालिका वडा नं. ४ बट्टारबजारस्थित सुभेनियर बोर्डिङ्ग स्कुल परीक्षा केन्द्रको 'ख' केन्द्र युनाइटेड प्राविमा सिम्बोल नं ३२५०१३४ 'डी' बाट एसएलसीमा समावेश भइरहेका छन् ।

उनका दुई छोरा र तीन छोरी छन् । जेठो छोरा राजेश सिलवाल शक्ति मावि दाङमै कक्षा ८ मा अध्ययन गरिरहेका छन् । उनकी ७ वर्षकी कान्छी छोरी सोही विद्यालयकै १ कक्षामा अध्ययन गरिरहेकी छिन् । आफूले सबै छोराछोरीलाई विद्यालयमा पढाएको समेत उनले बताए ।

## ब्राह्मणहरूले दलितको प्रसाद ग्रहण गरे

पनौती । मानिसको कुनै जात हुँदैन भन्ने कथनलाई पनौती-४ बस्ने दलित हर्कबहादुर नेपालीले देखाइदिएका छन् । उनले हालै श्रीमद्भागवत गीता पुराण लगाउँदा गाउँभरिका सबैजनाले प्रसाद ग्रहण गरे । प्रसाद ग्रहण गर्न सबैजना आएको देख्दा हर्कबहादुर प्रसन्न भएका छन् । पृथ्वीनारायण शाहको नेपाल चार वर्ण छत्तिस जातको फूलबारी हो भन्ने भनाईबाट प्रेरित भएर आफूले पुराण लगाएको तथ्य हर्कबहादुर पोख्छन् ।

'भुरेटाकुरे पण्डितहरू वक्रदृष्टिले हेर्दै थिए' - सो कार्यक्रमका वाचक हरिदास दर्जी भन्छन् - 'मानिस जातले होइन, दिलले ठूलो हुन्छ ।'

समाजमा व्याप्त रहेको छुवाछुटको भावनालाई अन्त्य गरी सबैले समान रूपमा बाँच्न पाउनुपर्छ भन्ने धारणा पण्डित केदारप्रसाद पराजुलीको छ । उनको विचारमा समयको माग अनुसार सबैले चल्न सिक्नुपर्छ । दलित कसैका दास होइनन् ।

कार्यक्रममा प्रसाद ग्रहण गर्न आएका अर्का पण्डित रुद्रप्रसाद अधिकारी दलितहरूले यस्तो कार्यक्रम गरेकामा आफू ज्यादै खुशी भएको विचार पोख्छन् । नेपाली संस्कृतिमाथि चारैतिरबाट आक्रमण भएको यो बेलामा संस्कृति जोगाउन सबैले उत्तिकै सहयोग पुऱ्याउनुपर्छ'-उनको कथन थियो । कार्यक्रममा सहभागी ब्राह्मण नारायण अधिकारी हिजो भन्दा आज समयले रूप फेरेको अनुभव गर्छन् । उनका अनुसार 'हिजोसम्म दलितहरूकहाँ धार्मिक कार्यको लागि जाँदा केही खाँदैनथे । तर आजभोलि धेरैले यो चलन तोडिसकेका छन् । दलितहरूद्वारा तयार पारिएका प्रसादका सामाग्रीहरू ग्रहण गर्ने ब्राह्मणहरूको संख्या बढ्दो छ ।' दलितहरूद्वारा आयोजित सो कार्यक्रममा ब्राह्मणहरूको उपस्थिति देख्दा धेरैले प्रशसन्नता व्यक्त गरेका थिए ।

## पंचवीर सिंह सिरपा लः ल्हाय्गु ज्या सम्पन्न

यें श्रावण २५ गते, युवा बौद्ध समूहया ग्वसालय् थनया परोपकार स्कुले बुद्ध सम्बत २५४५ या लागि पंञ्चवीर सिंह सिरपा लःल्हाय्गु ज्या सम्पन्न जुल ।

प्रत्येक बुद्धसम्बत दुने सन्ध्या टाइम्स न्हिपौलय् प्याहाँ वइगु बुद्धधर्म सम्बन्धि च्वसू मध्ये निपू च्वसूयात सिरपा वीगु कथं श्री साहु पंचवीर सिंह तुलाधर पाखें नीस्वना तःगु थुगु सिरपा मूपाहां भिक्षु अश्वघोष महास्थविर पाखें च्वमिपिं डि.आर शाक्य ख्वपः व बुद्ध लक्ष्मि वज्राचार्ययात लःल्हायगु ज्या जूगु खः । सिरपा लः ल्हाना बिज्यासें भिक्षु अश्वघोष महास्थविर पाखें बुद्ध धर्मया च्वसू च्वमि पिन्त बीगु थुकथंया सिरपां बुद्ध शासन अभिवृद्धि ग्वाहाली जुइगु खं कना बिज्यात ।

लसकुस न्वचूया क्रमय् युवा बौद्ध समूहया उपाध्यक्ष त्रिरत्न मानन्धर पाखें थौया इलय् बुद्ध शिक्षा सम्बन्धि च्वसूया औचित्य व सिरपा नीस्वना सम्बन्धी खं कनादिल ।

निर्णायक मण्डल पाखें विद्वान भाजु फणिन्द्र रत्न बज्राचार्य पाखें च्वसू यात गुकथं मूल्यांकन याना धयागु खं ध्वाथुइका दिल । सिरपा त्याका दीपिं च्वमिपिं भाजु डि.आर शाक्यजुं थःत थुगु सिरपा प्राप्त जूगु तसकं हे सुखद आश्चर्य जूगु खँ कना दिलसा मय्जु बुद्ध लक्ष्मी बज्राचार्य पाखें बौद्ध शिक्षा सम्बन्धि च्वसू त निरन्तर च्वया वनेगु लागिं प्रेरणा प्राप्त जूगु खं कनादिल ।

समूहया कोषाध्यक्ष तेजनारायण मानन्धर पाखें च्वमि पिनिगु संक्षिप्त म्हसीका प्रस्तुत यानादिल । सभापतिया आसनं समूहया नायः शान्त रत्न शाक्य पाखें बुद्ध धर्म प्रचार याना मनुतय्गु जीवनयात याउंक हनेफय्केगु ज्याय् युवा बौद्ध समूह लगे जुयाच्वनागु खं कनादिल ।

साहु पंचवीर सिंह तुलाधर पाखें च्वमिपिन्त नगद व स्वयम्भू चैत्यया प्रतिक उपहार बिया दिलसा सन्ध्या टाइम्सया सम्पादक श्री सुरेश किरण मानन्धर पाखें नेपाल भाषाया पत्रकारिता व बुद्धधर्म ला व लुसिथें छुटे याय् मफैगु खं कना दिल ।

साहु पंचवीर सिंह तुलाधर पाखें च्वमिपिन्त नगद व स्वयम्भू चैत्यया प्रतिक उपहार बियादीगु उगु ज्याझ्वःलय् निर्णायकपिं विद्वान फणिन्द्ररत्न वज्राचार्य, प्रा. सुवर्ण शाक्य व डा. लक्ष्मण शाक्यपिन्त सुभाय पौ नं देछाना दीगु खः ।

समूहया सचिव मदन वहादुर तुलाधर पाखें न्ह्याकादीगु थुगु ज्याझ्वलय् समूहया सदस्य श्रीमती शुशिला शाक्य पाखें सुभाय् बियादीगु खः ।

## परियत्ति शिक्षण तालिम

२०५९ भाद्र (२-९)

विश्व शान्ति विहार, नयाँ बानेश्वर ।

नेपाल बौद्ध परियत्ति शिक्षा शिक्षक शिक्षिका तथा शिक्षण समिति पाखें न्हेन्हु यंकं शिक्षण तालिम ज्याझ्व: सफलता पूर्वक क्वचायकूगु समाचार दु । नेपा:या यैं, यल, ख्वप व रुपन्देही जिल्लाया नीगू परियत्ति केन्द्रया स्वीनिम्ह (३२) प्रशिक्षार्थीपिसं ब्वतिका:गु थुगु तालिम कार्यक्रमे सहभागीपिन्त नेपाल बौद्ध परियत्ति शिक्षाया शिक्षाध्यक्ष व अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष भिक्षु बुद्धघोष महास्थविर पाखें दसिपौ ल:ल्हाना बिज्या:गु ख: । बौद्ध परियत्ति शिक्षा बारे थ:थ:गु मन्तव्य व्यक्त यानादीपिं महानुभावपिं थुकथं ख:- भिक्षु बुद्धघोष महास्थविर, डा. बज्रराज शाक्य, डा. गणेश माली, डा. केशरी लक्ष्मी मानन्धर आदि ।

भाद्रया २ गते निसें संचालन जूगु थुगु ज्याझ्वलय् संयोजिका ज्ञाणवती गुरुमां पाखें तालिमया नियम, अमीता धाख्वा: पाखें नेपाल बौद्ध परियत्ति शिक्षाया परिचय, पद्मज्योती कंसाकार पाखें परियत्ति शिक्षाया न्हूगु नियमावली व भिक्षु कौण्डञ्ञ पाखें परियत्तिया न्हूगु पाठयक्रम बारे प्रशिक्षण बियादीगु ख: । अथेहे डा. वज्रराज शाक्य, डा. गणेश मालि, चन्द्रदेवी शाक्य, सकुन्तला प्रधान, भिक्षु बोधिज्ञान, भिक्षु निग्रोध, सविता धाख्वा: आदिपाखें क्रमश: शिक्षण सिकाई, वार्षिक योजना, एकाई योजना, पाठ योजना, Micro Teaching व परिक्षाया सम्वन्धय् प्रशिक्षण बीगु ज्या जूगु ख: ।

समापन ज्याझ्व:स प्रशिक्षार्थीपिं चमेली गुरुमां, चन्द्रदेवी मानन्धर व अनिल अहमद आदि पाखें थ:थ:गु अनुभव खँ कनेगु ज्याझ्व: जूगु ख: ।

भिक्षु बुद्धघोष महास्थविरया सभापतित्वय् सम्पन्न जूगु थुगु समापन ज्याझ्वले धर्मरत्न शाक्य, भिक्षु निग्रोध, ञाणवती गुरुमां, सुजाता गुरुमां व त्रिरत्न मानन्धर पाखें थ:थ:गु मन्तव्य प्वंकादीगु ख: ।

## श्रद्धाञ्जली सभा

थ्वहे २०५९ साल असार १२ गते बुधबार खुनु सिद्धी मंगल बुद्ध विहारया उपासिका लक्ष्मी महर्जन ७७ दँया उमेरे सन्सारयात तोता दिबंगत जुया बिज्यागुलिं वय्क:या गुण लुमंका: सिद्धी मंगल बुद्ध विहारया सकल उपासक व उपासिकापिं पाखें श्रद्धाञ्जली देछा:गु समाचार दु ।

## त्रिपिटक सार सफू विमोचन

भाद्र ८, २०५९

पद्म सुगन्ध विहार ।

थाइलैण्डया सुजीव पुञ्ञानुभावं च्वयादीगु "सम्पूर्ण बुद्ध वचन त्रिपिटकया सार" नांगु थाई भाषाया सफू भिक्षु सुमेधं अनुवाद यानाबिज्या:गु ख: । थुगु सफू त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप पाखें विमोचन जूगु समाचार दु ।

उगु सफुती त्रिपिटके छु छु सूत्र गन गन दु धयागु विषये अ:पुक हे क्यनात:गु दु । त्रिपिटक ग्रन्थ फुक्कं पुइका: स्वयाच्वने म्वाय्क अ:पुका व्यूगु खनेदु । नेवा: भाषं च्वयात:गु ७६१ पाना दुगु थुगु सफूया मू रु ३००।- जक ख: । पिकाक: सद्धर्म प्रचारक पुच: ।

## धर्मोदय सभाया न्हूपिं पदाधिकारीपिं

२०५९ भाद्र ९ ।

बुद्ध विहार काठमाडौं ।

बौद्धतय् राष्ट्रिय संस्था धर्मोदय सभाया निर्वाचन ज्याझो क्वचा:गु दु । इपिं मध्यें निर्विरोध निर्वाचित पदाधिकारीपिं थुकथं उल्लेख जुयाच्वंगु दु-

| | | |
|---|---|---|
| अध्यक्ष | - | भिक्षु अश्वघोष महास्थविर |
| उपाध्यक्षपिं | - | ओमकार प्रसाद गौचन, डा. त्रिरत्नमान तुलाधर, मा. लक्ष्मीदास मानन्धर, इन्द्र बहादुर गुरूङ्ग व भिक्षुणी धम्मवती । |
| महासचिव | - | सुवर्ण शाक्य |
| सचिव | - | बुद्ध रत्न बज्राचार्य |

सह-सचिव - सुचित्रमान शाक्य
कोषाध्यक्ष - पद्म ज्योति कंसाकार
निर्वाचित पदत थुकथं दु
सह-कोषाध्यक्ष - सागर मान बज्राचार्य
दुज:पिं - नानीमैंया मानन्धर
- त्रिरत्न तुलाधर
- डबलकाजी तुलाधर
- रत्नमान शाक्य
- श्यामकृष्ण मानन्धर
- द्रब्यमान सिंह तुलाधर (भाइराजा)
- वेखारत्न शाक्य

## धर्मदेशना पूवंगुया लसता

२०५९ भाद्र २८ गते ।
सिद्धिपुर थसि

सिद्धि मंगल बुद्ध विहारया आयोजनाय् गुँला लच्छियंकं भिक्षु, श्रामणेर, गुरुमांपिं व बौद्ध विद्वानपिनि पाखें धर्मदेशना ज्याझ्व: सम्पन्न जूगु लसताय् बुद्ध पूजा धर्मदेशना, ज्ञानमाला, दानप्रदान व भोजन दानया ज्याझ्व: क्वचाय्कूगु समाचार दु । थुगु ज्याझ्व: यंगल टोल सिद्धीपुर थसि वडा नं. १ या आयोजनाय् सम्पन्न जूगु खँ नं उल्लेख जुयाच्वंगु दु ।

## गुँला लच्छि यंकं धर्मदेशना

थुगुसी गुँला लच्छि यंकं विभिन्न विहारे धर्मदेशना कार्यक्रम सम्पन्न जूगु दु ।

थाय् - आनन्दकुटी विहार

गुँला लच्छि यंकं आनन्दकुटी विहारे आनन्दकुटी दायक सभाया आयोजनाय् भिक्षु, (भिक्षुणी) गुरुमांपिनि पाखें धर्मदेशना जूगु दु । धर्मदेशना यानाबिज्या:पिं भन्ते गुरुमांपिनिगु नां थुकथं उल्लेख जुयाच्वंगु दु ।

भिक्षुपिं- संघनायक भिक्षु अनिरुद्ध महास्थविर, भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, भिक्षु धर्ममूर्ति, भिक्षु धम्मपाल, भिक्षु बोधिज्ञान, भिक्षु नन्द, भिक्षु आनन्द, भिक्षु गुणघोष, भिक्षु भद्दिय, भिक्षु कोण्डञ्ञ, भिक्षु निग्रोध व भिक्षु सुशील आदि ।

(भिक्षुणी) गुरुमांपिं धम्मवती, चमेली, डा. अनोजा, अनुपमा, सुजाता, कुसुम व वीर्यवती आदि ।

थाय्- श्रीघ: विहार

गुँला लच्छि यंकं श्रीघ: विहारया दायक परिषदया आयोजनाय् भन्ते गुरुमां पिनि पाखें धर्मदेशना जूगु दु । धर्मदेशना याना बिज्या:पिं भन्ते गुरुमांपिनिगु नां थुकथं उल्लेख जुयाच्वंगु दु ।

### भिक्षुपिं

अश्वघोष महास्थविर, गुणघोष महास्थविर, सुगतमुनी महास्थविर, धम्ममूर्ति, धम्म शोभन, बोधिज्ञान, कोण्डञ्ञ, निग्रोध, नन्द, सुमेध, मेधंकर, सुशील, आनन्द, भद्दिय, शोभन व शोभित आदि ।

### गुरुमांपिं

धम्मवती, चमेली, कुसुम व वीर्यवती आदि ।

अथेहे ठसी, थेच्व, लुभु जल आदि विभिन्न थासय् लच्छियंकं भन्ते गुरुमांपिनि पाखें धर्मदेशना जूगु समाचार दु । मणीमण्डप विहारे नं गुंला लच्छि यंकं धर्मदेशना जूगु दु । धर्मकीर्ति विहार व भोंतया ध्यानकुटी विहारे नं गुँला लच्छि यंकं बुद्धपूजा व धर्मदेशना जूगु दु ।

## श्रद्धाञ्जली सभा

मिति : २०५९ भाद्र १५ गते
थाय्: रुद्रवर्ण महाविहार ओकुबहा:, यल ।

दिवंगत भिक्षु सुदर्शन महास्थविरया पुण्य स्मृतिस महाबौद्ध पुस्तकालय यलं श्रद्धाञ्जली सभाया आयोजना या:गु समाचार दु । वसपोल भन्ते सुदर्शन रुद्रवर्ण महाविहार सर्व संघया दुज: भाजु व अखिल नेपाल भिक्षु महासंघया उपाध्यक्ष नं ख: ।

■

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८